
| | |
|---|---|
| सनातन धर्मको सार ... | ३ |
| सरकार गठनको ५० दिन ... | ४ |
| १५ हजार करोडका मालिक जो गोठमा सुत्छन .... | ६ |
| डेमोक्रेसीभित्र लुकेको डेमोन.... | ७ |
| विभिन्न देशका लागि राजदूत पदमा खुला आवेदन... | १० |
| जेनजी आन्दोलनको भित्री पाटो... | १४ |
| कर्णालीसहित देशैभर मानसिक स्वास्थ्यको मुख्य चुनौती | १३ |
| सामाजिक सञ्चालमा भाजपालाई समेत पछार्ने... | १६ |
| ५० युनिटभन्दा बढी बिजुली खपटमा ५ प्रतिशत भ्याट | २१ |
| बजेट अधिवेशनमा अभूतपूर्व संकट... | २४ |
| एसियन गेम्स छनोटको फाइनलमा हङकङलाई.... | २६ |
| शिवलिङ्गको उर्जा धुरी..... | २७ |
| नेपाल भारत कूटनीतिक सक्रियता ..... | २८ |
| विश्वकप फुटबल २०२६ .... | ३१ |

**१०**

**नेपालको राजसंस्था, राष्ट्रिय स्वाधीनता र विदेशी चलखेल**

चेतनाको ढोका खोल्ने एक ऐतिहासिक विमर्श




**१६** डिजिटल रुपान्तरण र कर परिष्कारसहित रू. २१ खर्ब २४ अर्बको बजेट प्रस्तुत




**३०**

**रोड टु युएफसी को सेमिफइनलमा**

पुगे बझाङ्गी बाघ रवीन्द्र धन्त, रचे ऐतिहासिक कीर्तिमान



**९**

**इरान-अमेरिका तनाव अपडेट:**

**द्वै पक्षबीच आत्रामक प्रहार, तर ६० दिने युद्धविराम थपको मस्यौदा तयार, ट्रम्पको स्वीकृतिको पर्खाइ**

काजिका द.नं. ३७३५३२/२०८२/८३

SAMAYA SUTRA

# समय सुत्र

वर्ष २, अङ्क ९ असार २०८३

प्रधान-सम्पादक
**सुनिलकुमार महत**

सम्पादक
**ज्योति आचार्य**

अध्यक्ष
**सुशील आचार्य**
प्रवन्ध निर्देशक
**सन्दीप मल्ल ठकुरी**

निर्देशक
**चिरञ्जीवी पाण्डे**

सल्लाहकार
**प्रो.डा. तेजबहादुरसिंह महत**
**रमा सिंह ठकुरी**
**शैलेश शाही**
**प्रेमराजा महत**
**मुनिन्द्र राजभण्डारी**
**मान बहादुर भोलन**
**राम चन्द्र कोईराला**

कानुनी सल्लाहकार
**अधिवक्ता प्रल्हादकुमार महत**
**अधिवक्ता अजय श्रेष्ठ**

संवाददाता
**महेश महत**

प्रमुख वितरक
**सुनिल के.सी.**
**भुवन अधिकारी**

प्रकाशक
**समयसूत्र मिडिया प्रा.लि.**

कार्यालय
का.म.न.पा.-३२, कोटेश्वर, काठमाडौं
सम्पर्क : ९७६९७७०१०१
इमेल : admin@samayasutra.com

डिजिटल पत्रिका :
www.samayasutra.com

युट्युब च्यानलः
SAMAYA SUTRA TV

मुद्रण
**मध्यपुर नाईन प्रेस**, अनामनगर, काठमाडौं

✍सम्पादकीय

## सत्ता परिवर्तन होइन, चेतनाको युद्ध

नेपालको राजनीतिक इतिहासलाई सरसर्ती हेर्दा एउटा प्रवृत्ति बारम्बार दोहोरिएको प्रस्ट देखिन्छ– यहाँ केवल शासन व्यवस्था बदलिएको छैन, बरु हरेक परिवर्तनसँगै आम नागरिकको चेतना, पहिचान, धर्म, जाति र भावनालाई राजनीतिक हतियार बनाइएको छ । कहिले राजतन्त्रको नाममा, कहिले लोकतन्त्रको नाममा, त कहिले गणतन्त्र र धर्मनिरपेक्षताका आवरणमा अनेकौं प्रयोगहरू भइरहेका छन् । तर, यी सबै प्रयोगहरूको अन्तिम परिणाम एउटै देखिएको छः नेपाली समाजलाई भित्रभित्रै टुक्र्याएर कमजोर बनाउने खेल । आज नेपाल यस्तो भुइँचालोको केन्द्रमा उभिएको छ, जहाँ अबको मुख्य प्रश्न "राजा आउँछन् कि आउँदैनन्?" वा "यो व्यवस्था रहन्छ कि ढल्छ?" भन्ने मात्र होइन । मुख्य प्रश्न त यो हो– नेपाली जनता अब इतिहासबाट पाठ सिकेर सचेत बन्छन् कि फेरि अर्को नयाँ डिजाइनको सिकार बन्छन्?

गणतन्त्र स्थापनापछि आम नेपालीले भ्रष्टाचार घट्ने, रोजगारी सिर्जना हुने, राष्ट्र बलियो हुने र नागरिकको आत्मसम्मान जोगिने ठूलो अपेक्षा गरेका थिए । तर, विडम्बना! राजनीतिक दलहरू वैचारिक धरातल छाडेर पूर्ण रूपमा सत्ताकेन्द्रित बन्न पुगे। यसैको दुष्परिणामस्वरूप राष्ट्रिय एकताको साझा नेपाली पहिचानलाई कमजोर बनाइयो र मुलुकमा "पहिचानको राजनीति" को विषवृक्ष रोपियो। नागरिकलाई जात, भाषा, धर्म, क्षेत्र र समुदायका नाममा कित्ताकाट गर्ने प्रयास सुरु भयो। कसैलाई सदियौँदेखिको पीडित त कसैलाई अस्तित्वको संकट देखाएर समाजमा एउटा अदृश्य अविश्वासको रेखा कोरियो । बाहिरबाट हेर्दा यो अधिकारको आन्दोलन जस्तो देखिए पनि, गहिराइमा यसले नेपालीलाई नेपालीसँग नै शंकालु बनाउने काम गरेको छ । जब जनता जात र धर्ममा विभाजित हुन्छन्, भ्रष्ट सत्ता सबैभन्दा बढी सुरक्षित हुन्छ; किनकि विभाजित समाजले कहिल्यै पनि राष्ट्रिय हितका साझा प्रश्नहरू उठाउन सक्दैन ।

अर्कोतर्फ, विद्यमान बेथितिबाट आजित भएका धेरै नेपालीको मनमा राजसंस्थाप्रति एउटा भावनात्मक सम्मान र मोह पलाएको देखिन्छ । उनीहरू राजतन्त्रकालको राष्ट्रिय एकता, सांस्कृतिक निरन्तरता र भू-राजनीतिक सन्तुलनलाई सम्झिरहेका छन्। तर, यहाँ एउटा गम्भीर आत्मसमीक्षा आवश्यक छ– के राजा फर्किएर आउँदैमा हाम्रा सबै संकटहरू जादुमयी ढंगले अन्त्य होलान्? इतिहास साक्षी छ, सत्ता बदलिँदा खेलाडी बदलिन्छन्, तर खेलको शैली र प्रवृत्ति नबदलिँदासम्म संकट दोहोरिइरहन्छ । राजतन्त्र फर्किए पनि यदि राजनीतिक दलहरूको चरित्र उस्तै रह्यो, विदेशी शक्तिहरूको चलखेल यथावत् रह्यो र जातीय-धार्मिक संगठनहरूलाई उक्साइरहियो भने यही द्वन्द्वले अर्को रूप लिने निश्चित छ । त्यतिबेला राजतन्त्रलाई पनि असफल देखाउन फेरि जातीय र धार्मिक तनावलाई नै हतियार बनाइनेछ। किनकि, बलियो र आत्मनिर्भर नेपाल धेरै बाह्य र आन्तरिक शक्तिहरूका लागि कहिल्यै सहज र स्वीकार्य हुँदैन ।

यदि तत्काल कुनै ठोस परिवर्तन भएन र यही अवस्था लम्बिइरह्यो भने मुलुकमा अर्को डरलाग्दो परिदृश्य देखिनेछ– कट्टर गणतन्त्रवादी र तीव्र राष्ट्रवादी भावनालाई समानान्तर रूपमा उचालेर देशलाई दीर्घकालीन वैचारिक युद्धमा फसाउने रणनीति। जब जनता विकास र समृद्धिको बहस छोडेर सडक र सामाजिक सञ्जालमा घृणाको युद्ध लड्न थाल्छन्, युवाहरू भविष्यभन्दा नारामा हराउँछन्, तब विदेशी प्रभाव, आर्थिक नियन्त्रण र सांस्कृतिक हस्तक्षेप झन् गहिरिँदै जान्छ। यो कुनै नयाँ रणनीति होइन; इतिहासमा संसारका धेरै देशहरूलाई पहिले समाज विभाजन, त्यसपछि अविश्वास र आन्तरिक संघर्ष गराएर अन्ततः बाह्य नियन्त्रणमा लिइएको छ ।

त्यसैले, आजको असली युद्ध बन्दुकको होइन, विचार र चेतनाको हो । यदि नेपालीलाई जाति, धर्म र क्षेत्रमा भिडाउन सकियो भने नेपाल केवल नक्सामा मात्र देश रहनेछ, आत्मामा होइन । अब हामीलाई कुनै व्यवस्थाको अन्धसमर्थन वा अन्धविरोध गर्ने भीड होइन, इतिहास बुझ्ने, विदेशी प्रभाव चिन्न सक्ने र भावनामा होइन विवेकमा निर्णय गर्ने सचेत नागरिकको खाँचो छ । हरेक व्यवस्था परिवर्तनपछि पनि यदि जनता गरिब, युवा विदेशिन बाध्य र राष्ट्र कमजोर नै भइरहन्छ भने समस्या केवल व्यवस्थामा मात्र होइन, हाम्रो सामूहिक चेतनामा पनि छ । नेपाललाई बचाउने शक्ति कुनै एक दल, एक नेता वा एक राजामा मात्र सीमित छैन; त्यो शक्ति नेपाली जनताको सामूहिक विवेकमा छ । जब हामी जात र धर्मभन्दा माथि उठेर राष्ट्र र सत्यको पक्षमा उभिन थाल्छौँ, तब मात्र नेपाललाई प्रयोगशाला बनाउने खेलहरूको अन्त्य हुनेछ । नेपालको भविष्य सडकका उच्छृङ्खल नाराले होइन, सचेत नागरिकको विवेकले मात्र तय गर्नेछ ।

# सनातन धर्मको सारः
## महाभारतको इतिहासदेखि गीताको ज्ञानसम्म

@ सुनिल सिंह महत




धेरैमा एउटा ठुलो भ्रम छ कि हिन्दू धर्ममा ३३ करोड देवी-देवता छन् । तर 'कोटी' शब्दको अर्थ संस्कृतमा 'प्रकार' (Category) हुन्छ । शास्त्रका अनुसार जम्मा ३३ प्रकारका देवताहरू छन्:

हाम्रो पौराणिक इतिहास र धर्मग्रन्थहरू केवल कथा मात्र होइनन्, यी त जीवन जिउने कला र सभ्यताका आधार हुन्। महाभारतको युद्ध, गीताको उपदेश र देवी-देवताहरूको स्वरूपबारे स्पष्ट ज्ञान हुनु आजको आवश्यकता हो। यस लेखमा पाण्डव, कौरव, श्रीमद्भगवद् गीता र '३३ कोटी' देवताको वास्तविक अर्थबारे चर्चा गरिएको छ ।

### १. पाण्डव र कौरवः एउटै वंश, फरक पहिचान

पाण्डुका पाँच पुत्रहरूलाई पाण्डव भनिन्छ, जसमा युधिष्ठिर, भीम र अर्जुन माता कुन्तीका पुत्र थिए भने नकुल र सहदेव माता माद्रीका पुत्र थिए । यद्यपि महाबली कर्ण पनि कुन्तीकै पुत्र थिए, तर उनलाई पाण्डवमा गणना गरिँदैन ।

अर्कोतर्फ, धृतराष्ट्र र गान्धारीका १०० पुत्रहरूलाई कौरव भनिन्छ। दुर्योधन र दुःशासन मुख्य रहेका यी सय भाइको एक बहिनी पनि थिइन्, जसको नाम दुशाला थियो ।

### २. श्रीमद्भगवद्गीताः जीवनको मार्गदर्शक

कुरुक्षेत्रको रणभूमिमा जब अर्जुन कर्तव्य पथबाट विचलित भए, तब भगवान श्रीकृष्णले उनलाई लगभग ५० मिनेटसम्म गीताको ज्ञान दिनुभयो।

* **समय र तिथिः** यो ज्ञान लगभग ५,००० वर्ष पहिले मार्गशीर्ष शुक्ल एकादशी (आइतबार) का दिन दिइएको थियो ।
* **संरचनाः** गीतामा १८ अध्याय र ७०० श्लोकहरू छन् । यसमा श्रीकृष्णले ५७४, अर्जुनले ८५, सञ्जयले ४० र धृतराष्ट्रले १ श्लोक बोलेका छन् ।
* **श्रोताः** अर्जुनका अतिरिक्त धृतराष्ट्र, सञ्जय र बर्बरीकले पनि यो ज्ञान प्रत्यक्ष सुनेका थिए । अर्जुनभन्दा पहिले यो ज्ञान सूर्यदेवलाई प्राप्त भएको मानिन्छ ।
* **मूल सारः** "निष्काम कम" र ईश्वरको शरणमा जानु नै गीताको मुख्य सन्देश हो। यसलाई 'गीतोपनिषद' पनि भनिन्छ ।

### ३. भ्रम निवारणः ३३ करोड कि ३३ कोटी?

धेरैमा एउटा ठुलो भ्रम छ कि हिन्दू धर्ममा ३३ करोड देवी-देवता छन् । तर 'कोटी' शब्दको अर्थ संस्कृतमा 'प्रकार' (Category) हुन्छ । शास्त्रका अनुसार जम्मा ३३ प्रकारका देवताहरू छन्:

* **१२ आदित्यः** (धाता, मित्र, अर्यमा, शक्र, वरुण, अंश, भग, विवस्वान, पूषा, सविता, त्वष्टा र विष्णु)

बाँकी पेज ५ मा

# सरकार गठनको ५० दिनः

## रास्वपा-बालेन गठबन्धनमाथि चौतर्फी प्रश्न र गम्भीर आरोपको चाङ


संसदबाट भाग्ने रणनीति र प्रायोजित प्रचारबाजी


सेयर बजार धराशायीः लगानीकर्ताको अर्बौं डुब्दै



महिनामै ६० हजार युवा विदेसिन बाध्यः अदूरदर्शिताको मार


५० दिनमै असफल सरकारः भ्रष्टाचार र बेथितिका पहाड



विकल्पविहीन सुकुम्बासीः ३ जनाद्वारा आत्मदाह


@ भुवन राजभण्डारी


**संसद र सडक दुवैतर्फबाट सरकारको कार्यशैलीलाई लिएर 'अधिनायकवादी र अपारदर्शी' भएको भन्दै चर्को आलोचना सुरू भएको छ।**

काठमाडौं

दुई तिहाइ बहुमतको शक्तिशाली समर्थनसहित गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र स्वतन्त्र समूह (बालेन पक्ष) को संयुक्त सरकारले ५० दिन पूरा गरेको छ। 'परिवर्तन र सुशासन' को नारासहित सत्ता सम्हालेको यस सरकार को ५० दिने कार्यकालभित्रै तीव्र आर्थिक मन्दी, गम्भीर नीतिगत विचलन, र ठूला आर्थिक घोटालाका आरोपहरू सार्वजनिक हुन थालेका छन् ।

संसद र सडक दुवैतर्फबाट सरकारको कार्यशैलीलाई लिएर 'अधिनायकवादी र अपारदर्शी' भएको भन्दै चर्को आलोचना सुरु भएको छ।

**सेयर बजारमा गिरावट र युवा पलायनको विकराल रूप**

नयाँ सरकार गठन भएपछि पुँजी बजार मा उत्साह आउनुको साटो निराशा छाएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) लगातार ओरालो लाग्दा लगानीकर्ताहरूको अर्बौं रुपैयाँ डुब्ने जोखिम बढेको छ ।

अर्कोतर्फ, स्वदेशमै रोजगारी सिर्जना गर्ने सरकारी दाबीका बीच युवा पलायनको दर झन् भयावह बनेको छ। पछिल्लो एक महिनामा मात्रै ६० हजारभन्दा बढी नेपाली युवाहरू वैदेशिक रोजगारी र अध्ययनका लागि विदेश पलायन हुन बाध्य भएका छन्, जसले सरकारको श्रम नीतिको विफलतालाई छर्लङ्ग पारेको छ ।

**१ खर्ब ऋणको भार, मूल्यवृद्धि र संस्थानहरूको संकट**

फजुल खर्च नियन्त्रण गर्ने प्रतिबद्धता जनाएको सरकारले चालु खर्च धान्नकै लागि मात्र एक महिनाको अवधिमा १ खर्ब रुपैयाँ (१०,००० करोड) थप वैदेशिक ऋणको भार मुलुकमाथि थोपरेको आरोप लागेको छ ।

यसैगरी, बालेन प्रधानमन्त्री बनेयता इन्धन आपूर्तिमा बेथिति र खाद्यान्नको

मूल्यमा अप्रत्याशित वृद्धि भएको भन्दै उपभोक्ताहरू आक्रोशित छन् । नेपाल आयल निगम र नेपाल वायुसेवा निगम जस्ता रणनीतिक सार्वजनिक संस्थानहरू खर्बौंको घाटामा डुब्दै जाँदा पनि सरकारसँग कुनै ठोस पुनरुत्थान योजना नभएको पाइएको छ ।

**भ्रष्टाचारका गम्भीर फाइल: १ खर्बको बेरुजु र सहकारी ठगी**

रास्वपा र वर्तमान सत्ता साझेदारहरूमाथि भ्रष्टाचार र आर्थिक अपचलनका गम्भीर आरोपहरू सतहमा आएका छन् । महालेखापरीक्षकको पछिल्लो प्रतिवेदनलाई उद्धृत गर्दै विपक्षीहरूले सरकारको सुरुवाती कालमै इतिहासकै बढी १ खर्ब बराबरको बेरुजु र आर्थिक अनुशासनहीनता भेटिएको दाबी गरेका छन् । रास्वपाका शीर्ष नेता तथा सांसदहरू जोडिएको भनिएको 'स्मार्ट टेलिकम घोटाला' र रास्वपा सभापति रवि लामिछानेसँग जोडिएको ४५ हजार सर्वसाधारणको अर्बौं सहकारी बचत अपचलनको मुद्दाले सरकारलाई नैतिक संकटमा पारेको छ । यसैबीच, प्रधानमन्त्री पत्नीको एनसेलसँगको संदिग्ध सम्बन्ध र निश्चित स्वार्थी समूह (कर्पोरेट हाउस) सँग राज्यकोष दोहनका लागि करोडौँको लेनदेन भएको गम्भीर आरोप समेत राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ ।

**मुख्य आरोपहरू एक नजरमा:**

**वित्तीय संकट:** ५० दिनमै सेयर बजार धराशायी, १ महिनामै १ खर्ब थप विदेशी ऋण ।

**सुशासनमा धक्का:** स्मार्ट टेलिकम र सहकारी ठगीसहित १ खर्बको भ्रष्टाचार र बेरुजुको आरोप ।

**मानवीय संकट:** विकल्पविहीन सुकुम्बासी हटाउने अभियानका कारण ३ जनाद्वारा आत्मदाह ।

**अधिनायकवाद:** संसद छलेर अध्यादेशबाट शासन गर्ने रणनीति, अदालतको अंकुश । सुकुम्बासी व्यवस्थापनमा 'मिसन फेल' र सर्वोच्चको अंकुश

सुकुम्बासी व्यवस्थापनका नाममा ३ अर्ब रुपैयाँ खर्च गरिए पनि कुनै ठोस विकल्पविना झण्डै २० हजार सुकुम्बासीलाई विस्थापित गरिएको भन्दै सरकारको मानवीय संवेदना र कार्यशैलीमाथि प्रश्न उठेको छ । यही पीडा र अपमान सहन नसकी ३ जना नागरिकले आत्मदाह र आत्महत्या जस्तो कठोर कदम चाल्नुपरेको पीडितहरूको भनाइ छ । सरकारले विद्यार्थी र कर्मचारी युनियनमाथि लगाएको प्रतिबन्ध तथा नदी किनारका सुकुम्बासीलाई जबर्जस्ती हटाउने अधिनायकवादी कदमलाई सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत रोक लगाइदिएको छ । यसले सरकारको कानुनी र प्रशासनिक अपरिपक्वतालाई पुष्टि गरेको छ ।

**संसद् बाट भागने रणनीति र प्रायोजित प्रचारबाजी**

दुई तिहाइको दम्भमा सरकारले संसद् लाई छलेर वा रोकेर अध्यादेशमार्फत शासन गर्ने रणनीति अपनाएको आरोप विपक्षी दलहरूको छ । संसद्मा उठाइएका गम्भीर र राष्ट्रिय महत्त्वका प्रश्नहरूको जवाफ दिनबाट प्रधानमन्त्री र मन्त्रीहरू पन्छिइरहेका छन् ।

धरातलमा काम शून्य भए पनि सामाजिक सञ्जाल र फेसबुकमा भने प्रायोजित (Paid) प्रचारबाजीलाई तीव्र बनाइएको नागरिक समाजको ठहर छ । यही रफ्तार र अदूरदर्शिता कायम रहे आगामी ५ वर्षमा देश आर्थिक रूपमा पूर्णतः टाट पल्टिने (Bankrupt) निश्चित रहेको विश्लेषकहरूले चेतावनी दिएका छन् ।

## सनातन धर्मको सार: .... बाँकी

* ८ वसु: (धरा, ध्रुव, सोम, अह, अनिल, अनल, प्रत्युष र प्रभाष)
* ११ रुद्र: (हर, बहुरूप, त्र्यम्बक, अपराजिता, वृषाकापि, शम्भु, कपर्दी, रेवत, मृगव्याध, शर्वा र कपाली)
* २ अश्विनी कुमार

यसरी १२+८+११+२ मिलेर ३३ कोटी (प्रकार) पुग्दछ ।

**४. सनातन धर्मका आधारस्तम्भहरू**

हाम्रो धर्मले जीवनलाई व्यवस्थित बनाउन विभिन्न वर्गीकरण गरेको छ:

* चार युग: सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग ।
* चार धाम: द्वारिका, बद्रीनाथ, जगन्नाथ पुरी र रामेश्वरम ।
* चार वेद: ऋग्वेद, अथर्ववेद, यजुर्वेद र सामवेद ।
* चार आश्रम: ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास ।
* तीन ऋण: देव ऋण, पितृ ऋण र ऋषि ऋण ।


**निष्कर्ष:**

अधुरो ज्ञान सधैं खतरनाक हुन्छ । आफ्नो धर्म र संस्कृतिको सही व्याख्या बुझ्न र बुझाउन जरुरी छ । गीताको ज्ञानलाई आत्मसात् गर्दै आफ्नो कर्तव्य पथमा अघि बढ्नु नै मानव जीवनको सफलता हो ।

सफलता







# १५ हजार करोडका मालिक जो गोठमा सुत्छन् र आफैं गोबर सोहर्छन्ः

## नितेश ढुलको अद्भूत जीवनशैली

"धनी वा सफल भएपछि ग्रामीण श्रम, गोबर, घाँस-पराल जस्ता कामबाट टाढा रहनुपर्ने भन्ने सोच एकदमै गलत हो । समाजमा व्याप्त यो मानसिकतालाई तोड्न जरुरी छ," ढुल भन्छन् ।

**बाबुराम चुवान**

काठमाडौं – आधुनिक कर्पोरेट दुनियाँमा धनाढ्य भन्नेबित्तिकै हाम्रो दिमागमा चिल्ला गाडी, महँगा सुट र विलासी महलको तस्बिर आउँछ। तर, व्यापारिक सफलताको शिखरमा पुगेर पनि भुइँमान्छेको जस्तो जीवनशैली बिताउने विरलै भेटिन्छन् । यस्तै एक उदाहरणीय र प्रेरणादायी पात्र हुन्– 'स्काइलार्क ग्रुप' (Skylark Group) का निर्देशक नितेश ढुल ।

करिब १५ हजार करोड भारतीय रुपैयाँ (लगभग १.५ ट्रिलियन नेपाली रुपैयाँ) बराबरको विशाल एग्रिबिजनेस साम्राज्य सम्हालिरहेका नितेश अचेल आफ्नो व्यापारका कारण मात्र होइन, आफ्नो अनौठो र त्यागी जीवनशैलीका कारण विश्वभर चर्चामा छन् ।

### अर्बौंको साम्राज्य, गोठको वास

नितेश ढुलको व्यावसायिक उचाइ जति ठूलो छ, उनको दैनिकी त्यति नै सामान्य र भुइँस्तरको छ । सयौं उन्नत जातका गाईहरू रहेको आफ्नो आधुनिक फर्ममा उनी केवल 'हाकिम' बनेर निर्देशन मात्र दिँदैनन्, बरु आफैं श्रममा जोतिन्छन् ।

नियमित रूपमा गाईफार्म पुग्ने नितेशले गर्ने कामहरू लोभलाग्दा छन्:

**गोबर सोहर्ने र सरसफाइः** करोडौंको गाडीबाट ओर्लिएर उनी आफैं गाईको गोबर सफा गर्न तम्सिन्छन् ।

**दूध दुहुनेः** आधुनिक मेसिनहरू हुँदाहुँदै पनि उनी रैथाने सीपलाई सम्मान गर्दै आफैं गाईको दूध दुहुन्छन् ।

**गोठमै रातः** उनी कहिलेकाहीँ रातको समयमा गाईगोठमै सुत्ने गर्छन्, ताकि पशुहरूको अवस्था र ग्रामीण जीवनको वास्तविक मर्मलाई नजिकबाट महसुस गर्न सकियोस् ।

### "पशुपालन व्यवसाय मात्र होइन, असल कर्म हो"

उच्च आर्थिक हैसियत र विशाल कर्पोरेट जिम्मेवारीका बाबजुद पनि नितेशले पशुपालनलाई केवल नाफा कमाउने माध्यम बनाएका छैनन् । उनले यसलाई आफ्नो जीवनको "असल कर्म" र मानवीय मूल्यसँग जोडिएको पवित्र अभ्यासका रूपमा लिएका छन् ।

"धनी वा सफल भएपछि ग्रामीण श्रम, गोबर, घाँस-पराल जस्ता कामबाट टाढा रहनुपर्ने भन्ने सोच एकदमै गलत हो । समाजमा व्याप्त यो मानसिकतालाई तोड्न जरुरी छ," ढुल भन्छन् ।

### लाज होइन, गर्वको विषय

अहिलेको युवा पुस्ता कृषि र पशुपालनलाई 'तल्लो स्तरको काम' ठानेर वैदेशिक रोजगारी वा अन्य पेसातर्फ आकर्षित भइरहेका बेला नितेशको यो कदम एउटा दह्रो झापड हो । गाईगोठमा काम गर्नु लाजको विषय नभई गर्वको कुरा भएको उनी बताउँछन् ।

उनको मान्यता छ कि, हरेक ठूला र साना व्यापारीले जीवनमा एकपटक खेतीकिसानी र पशुपालनको वास्तविक अनुभव लिनैपर्छ। व्यावसायिक सफलता र ग्रामीण जीवनको सम्बन्ध सँगसँगै अघि बढ्नुपर्नेमा उनको विशेष जोड छ ।

### सफलता र सादगीको पर्याय

नितेश ढुलको यो कथाले के प्रमाणित गर्छ भने, पैसाले मानिसको बैंक ब्यालेन्स त बढाउन सक्छ तर संस्कार र मानवता आफैँले निर्माण गर्ने कुरा हो। अर्बौंको मालिक भएर पनि धर्तीसँग जोडिएका ढुल वर्तमान विश्वका युवा उद्यमीहरूका लागि एउटा उत्कृष्ट र जीवन्त रोल मोडल हुन् । व्यावसायिक उचाइमा पुगेर पनि आफ्नो जरा (Roots) लाई बिर्सनु हुँदैन भन्ने उनको यो जीवनशैली साँच्चै नै कदरयोग्य छ ।

# डेमोक्रेसीभित्र लुकेको 'डेमोन' र नागरिक विवेकको कसि

@ सुनिल के.सी.

डेमोक्रेसीमा पनि नागरिकहरूको सामूहिक मत र उपस्थिति नै मुख्य शक्ति हो। एक्लो व्यक्तिको आवाज कमजोर सुनिएला, तर जब त्यो भीड वा 'जनता' का रूपमा सङ्गठित हुन्छ, त्यसले स्थापित निरङ्कुश सत्तालाई क्षणभरमै ढलाउने सामर्थ्य राख्छ।




आजको आधुनिक विश्वले आत्मसात् गरेको सबै भन्दा सुन्दर र सर्वस्वीकार्य राजनीतिक व्यवस्था डेमोक्रेसी हो। तर, यसको समानान्तर इतिहास र चरित्रलाई सूक्ष्म ढङ्गले केलाउने हो भने एउटा अनौठो र विरोधाभासपूर्ण चित्र सतहमा आउँछ। पौराणिक वा साहित्यिक सन्दर्भको 'डेमोन क्रिएसन' (दानवको सिर्जना) र राजनीतिक व्यवस्थाको 'डेमाक्रेसी'लाई एकै ठाउँमा राखेर हेर्दा यी दुईबीच अचम्मको रूपकात्मक (Metaphorical) समानता देखिन्छ। बाहिरी आवरणमा एउटा उज्यालो र अर्को अँध्यारो देखिए तापनि, सैद्धान्तिक र व्यावहारिक कसीमा यी दुवैलाई एउटै सिक्काका दुई पाटाका रूपमा बुझ्न सकिन्छ।

मूलतः यी दुवै अवधारणा 'मानव चेतना र चाहना'का उपज हुन्। पौराणिक मिथकहरूमा मानिसले आफ्नो भित्री डर, लोभ, क्रोध र अहङ्कारलाई मूर्तरूप दिँदा 'डेमोन' को जन्म भयो। ठीक त्यसैगरी, मानिसकै स्वतन्त्रताको भोक, न्यायको चाहना र आत्मसम्मानको खोजीबाट डेमोक्रेसीको प्रादुर्भाव भएको हो। दुवै कुनै प्राकृतिक वा दैवी वस्तु होइनन्; यी त मानव मस्तिष्कले आफ्नो आवश्यकता र मनोविज्ञानअनुसार सिर्जना गरेका कृत्रिम प्रणाली हुन्।

डेमोक्रेसी र डेमोन क्रिएसन दुवै को सञ्चालक शक्ति 'भीडको तागत' (The Power of the Masses) नै हो। फ्यान्टासी वा मिथकहरूमा लाखौं साना र पहिचानविहीन दुष्ट आत्माहरू एकत्रित भएर एउटा विशाल र संहारकारी 'डेमोनिक आर्मी' बन्दछ। डेमोक्रेसीमा पनि नागरिकहरूको सामूहिक मत र उपस्थिति नै मुख्य शक्ति हो। एक्लो व्यक्तिको आवाज कमजोर सुनिएला, तर जब त्यो भीड वा 'जनता' का रूपमा सङ्गठित हुन्छ, त्यसले स्थापित निरङ्कुश सत्तालाई क्षणभरमै ढलाउने सामर्थ्य राख्छ।

तर, यो शक्तिको एउटा आत्मघाती पाटो पनि छ, जसलाई साहित्यमा 'फ्रेन्केस्टाइन इफेक्ट' (The Frankenstein Effect) भनिन्छ। वैज्ञानिक भिक्टर फ्रेन्केस्टाइनले प्रयोगशालामा एउटा भयानक जीव त बनाए, तर पछि त्यही जीव उनी आफैँलाई नष्ट गर्न आइलाग्यो। आजको डेमोक्रेसीमा पनि नागरिकहरूले आवधिक निर्वाचनमार्फत भोट दिएर नेता वा राजनीतिक दलहरूलाई सत्ताको साँचो सुम्पिन्छन्। बिडम्वना, सत्ताको स्वाद चाखेपछि तिनै दल र प्रतिनिधिहरू

बाँकी पेज ७ मा...

# FIFA WORLD

STREAMING ON
DGO

LIVE O
DishHo

## GROUP A

| | | |
|---|---|---|
| Mexico | Fri, June 12 12:45 AM | South Africa |
| South Korea | Fri, June 12 7:45 AM | Czechia |
| Czechia | Thu, June 18 9:45 PM | South Africa |
| Mexico | Fri, June 19 6:45 AM | South Korea |
| Czechia | Thu, June 25 6:45 AM | Mexico |
| South Africa | Thu, June 25 6:45 AM | South Korea |

## GROUP B

| | | |
|---|---|---|
| Canada | Sat, June 13 12:45 AM | Bosnia |
| Qatar | Sun, June 14 12:45 AM | Switzerland |
| Switzerland | Fri, June 19 12:45 AM | Bosnia |
| Canada | Fri, June 19 3:45 AM | Qatar |
| Bosnia | Thu, June 25 12:45 AM | Qatar |
| Switzerland | Thu, June 25 12:45 AM | Canada |

## GROUP C

| | | |
|---|---|---|
| Brazil | Sun, June 14 3:45 AM | Morocco |
| Haiti | Sun, June 14 6:45 AM | Scotland |
| Scotland | Sat, June 20 3:45 AM | Morocco |
| Brazil | Sat, June 20 6:15 AM | Haiti |
| Morocco | Thu, June 25 3:45 AM | Haiti |
| Scotland | Thu, June 25 3:45 AM | Brazil |

## GROUP D

| | | |
|---|---|---|
| USA | Sat, June 13 6:45 AM | Paraguay |
| Australia | Sun, June 14 9:45 AM | Turkiye |
| USA | Sat, June 20 12:45 AM | Australia |
| Turkiye | Sat, June 20 8:45 AM | Paraguay |
| Paraguay | Fri, June 26 7:45 AM | Australia |
| Turkiye | Fri, June 26 7:45 AM | USA |

## GROUP E

| | | |
|---|---|---|
| Germany | Sun, June 14 10:45 PM | Curacao |
| Ivory Coast | Mon, June 15 4:45 AM | Ecuador |
| Germany | Sun, June 21 1:45 AM | Ivory Coast |
| Ecuador | Sun, June 21 5:45 AM | Curacao |
| Curacao | Fri, June 26 1:45 AM | Ivory Coast |
| Ecuador | Fri, June 26 1:45 AM | Germany |

## GROUP F

| | | |
|---|---|---|
| Netherlands | Mon, June 15 1:45 AM | Japan |
| Sweden | Mon, June 15 7:45 AM | Tunisia |
| Netherlands | Sat, June 20 10:45 PM | Sweden |
| Tunisia | Sun, June 21 9:45 AM | Japan |
| Japan | Fri, June 26 4:45 AM | Sweden |
| Tunisia | Fri, June 26 4:45 AM | Netherlands |

## ROUND OF 32

- MATCH 74 – June 30 2:15 AM: 1E vs 3ABCDF
- MATCH 77 – July 1 2:45 AM: 1I vs 3CDFGH
- MATCH 73 – June 29 12:45 AM: 2A vs 2B
- MATCH 75 – June 30 6:45 AM: 1F vs 2C
- MATCH 83 – July 3 4:45 AM: 2K vs 2L
- MATCH 84 – July 3 12:45 PM: 1H vs 2J
- MATCH 81 – July 2 5:45 AM: 1D vs 3BEFIJ
- MATCH 82 – July 2 1:45 AM: 1G vs 3AEHIJ

## ROUND OF 16

- MATCH 89 – July 5 2:45 AM: W74 vs W77
- MATCH 90 – July 4 10:45 PM: W73 vs W75
- MATCH 93 – July 7 12:45 AM: W83 vs W84
- MATCH 94 – July 7 5:45 AM: W81 vs W82

## QUARTER-FINAL

- QF-MATCH 97 – July 10 1:45 AM: W89 vs W90
- QF-MATCH 98 – July 11 12:45 AM: W93 vs W94

## SEMI-FI

- SF-MATCH 101 – July 15 12:45 AM: W97 vs W98

3RD-PLACE PL
July 19 2:4
RU101
RU102



## FIN

JULY 20 • 12:45 AM • METLIFE S

VS



# D CUP 2026

VE ON

hHome

LIVE & EXCLUSIVE ON

HIMALAYA SPORTS

Channel No. 161

## ROUND OF 32

| Match | Date / Time | Team 1 | Team 2 |
|---|---|---|---|
| MATCH 76 | June 29 10:45 PM | 1C | 2F |
| MATCH 78 | June 30 10:45 PM | 2E | 2I |
| MATCH 79 | July 1 6:45 AM | 1A | 3CE FHI |
| MATCH 80 | July 1 9:45 PM | 1L | 3EH IJK |
| MATCH 86 | July 4 3:45 AM | 1J | 2H |
| MATCH 88 | July 3 11:45 PM | 2D | 2G |
| MATCH 85 | July 3 8:45 AM | 1B | 3EF GIJ |
| MATCH 87 | July 4 7:15 AM | 1K | 3DE IJL |

## ROUND OF 16

| Match | Date / Time | Team 1 | Team 2 |
|---|---|---|---|
| MATCH 91 | July 6 1:45 AM | W76 | W78 |
| MATCH 92 | July 6 5:45 AM | W79 | W80 |
| MATCH 95 | July 7 9:45 PM | W86 | W88 |
| MATCH 96 | July 8 1:45 AM | W85 | W87 |

## QUARTER-FINAL

| Match | Date / Time | Team 1 | Team 2 |
|---|---|---|---|
| QF-MATCH 99 | July 12 2:45 AM | W91 | W92 |
| QF-MATCH 100 | July 12 6:45 AM | W95 | W96 |

## MI-FINAL

| Match | Date / Time | Team 1 | Team 2 |
|---|---|---|---|
| SF-MATCH 102 | July 16 12:45 AM | W99 | W100 |

CE PLAY OFF


9 2:45 AM



## NAL

IFE STADIUM, NEW JERSEY, USA

VS



## GROUP G

| Team | Date / Time | Team |
|---|---|---|
| Belgium | Tue June 16 12:45 AM | Egypt |
| Iran | Tue, June 16 6:45 AM | New Zealand |
| Belgium | Mon, June 22 12:45 AM | Iran |
| New Zealand | Mon, June 22 6:45 AM | Egypt |
| Egypt | Sat, June 27 8:45 AM | Iran |
| New Zealand | Sat, June 27 8:45 AM | Belgium |

## GROUP H

| Team | Date / Time | Team |
|---|---|---|
| Spain | Mon June 15 9:45 PM | Cape Verde |
| Saudi Arabia | Tue, June 16 3:45 AM | Uruguay |
| Spain | Sun, June 21 9:45 PM | Saudi Arabia |
| Uruguay | Mon, June 22 3:45 AM | Cape Verde |
| Cape Verde | Sat, June 27 5:45 AM | Saudi Arabia |
| Uruguay | Sat, June 27 5:45 AM | Spain |

## GROUP I

| Team | Date / Time | Team |
|---|---|---|
| France | Wed June 17 12:45 AM | Senegal |
| Iraq | Wed, June 17 3:45 AM | Norway |
| France | Tue, June 23 2:45 AM | Iraq |
| Norway | Tue, June 23 5:45 AM | Senegal |
| Norway | Sat, June 27 12:45 AM | France |
| Senegal | Sat, June 27 12:45 AM | Iraq |

## GROUP J

| Team | Date / Time | Team |
|---|---|---|
| Argentina | Wed June 17 6:45 AM | Algeria |
| Austria | Wed, June 17 9:45 AM | Jordan |
| Argentina | Mon, June 22 10:45 PM | Austria |
| Jordan | Tue, June 23 8:45 AM | Algeria |
| Algeria | Sun, June 28 7:45 AM | Austria |
| Jordan | Sun, June 28 7:45 AM | Argentina |

## GROUP K

| Team | Date / Time | Team |
|---|---|---|
| Portugal | Wed June 17 10:45 PM | DR Congo |
| Uzbekistan | Wed, June 18 7:45 AM | Colombia |
| Portugal | Mon, June 23 10:45 PM | Uzbekistan |
| Colombia | Wed, June 24 7:45 AM | DR Congo |
| Colombia | Sun, June 28 5:15 AM | Portugal |
| DR Congo | Sun, June 28 5:15 AM | Uzbekistan |

## GROUP L


| Team | Date / Time | Team |
|---|---|---|
| England | Thu June 18 1:45 AM | Croatia |
| Ghana | Thu, June 18 4:45 AM | Panama |
| England | Wed, June 24 1:45 AM | Ghana |
| Panama | Wed, June 24 4:45 AM | Croatia |
| Croatia | Sun, June 28 2:45 AM | Ghana |
| Panama | Sun, June 28 2:45 AM | England |

**राजसंस्था**

# नेपालको राजसंस्था, राष्ट्रिय स्वाधीनता र विदेशी चलखेल

## चेतनाको ढोका खोल्ने एक ऐतिहासिक विमर्श

> इतिहासको गहिरो अध्ययन गर्दा एउटा अकाट्य र नाङ्गो सत्य सामुन्ने आउँछ– नेपालको राष्ट्रिय एकता, अक्षुण्णता र सन्तुलनको केन्द्रविन्दुमा सधैँ राजसंस्था रहेको थियो ।




**– चिरञ्जीवी पाण्डे**

नेपाल केवल एउटा भूगोल वा राजनीतिक नक्सा मात्र होइन; यो हजारौँ वर्षको सभ्यता, अनुपम संस्कार, अद्वितीय वीरता र अटुट आत्मसम्मानको जीवित इतिहास हो। विश्व मानचित्रमा ठूला-ठूला साम्राज्यहरू विदेशी बुटमुनि थिचिँदा र उपनिवेशको चक्रव्यूहमा फस्दा पनि हिमालयको काखमा रहेको यो जेठो मुलुक कहिल्यै कसैको गुलाम बनेन। नेपालले सधैँ आफ्नो रैथाने पहिचान, धर्म, संस्कृति र सार्वभौम अस्तित्वलाई अक्षुण्ण राख्यो । तर, आजको युगमा उभिएर इतिहासलाई नियाल्दा एउटा गम्भीर प्रश्न मनमा उब्जन्छ– आखिर त्यो कुन शक्ति थियो, जसले नेपाललाई सधैँ एक सूत्रमा बाँधिराख्यो? अनेकौँ बाह्य हस्तक्षेप र दाउपेचका बीच पनि "नेपाल" भन्ने गौरवशाली अस्तित्वलाई कसले जोगाएर राख्यो?

इतिहासको गहिरो अध्ययन गर्दा एउटा अकाट्य र नाङ्गो सत्य सामुन्ने आउँछ– नेपालको राष्ट्रिय एकता, अक्षुण्णता र सन्तुलनको केन्द्रविन्दुमा सधैँ राजसंस्था रहेको थियो ।

**पृथ्वीनारायण शाहको चेतावनी : आधुनिक नेपालको ऐना**

नेपाल एकीकरणका महानायक बडामहाराजधराज पृथ्वीनारायण शाहले यो भूमिलाई "दुई ढुङ्गाबीचको तरुल" भनेका थिए । यो केवल एउटा उखान वा भौगोलिक उपमा मात्र थिएन, बरु नेपालको संवेदशिल भू-राजनीतिक यथार्थको गहिरो रणनीतिक विश्लेषण थियो । उत्तरतर्फको तत्कालीन शक्तिशाली चीन र दक्षिणतर्फ व्यापारको बहानामा साम्राज्य फैलाउँदै गरेको इस्ट इन्डिया कम्पनी (भारत) को बीचमा रहेको नेपाललाई जोगाउन राष्ट्रिय एकता, आर्थिक आत्मनिर्भरता र एउटा अविभाज्य बलियो नेतृत्व अपरिहार्य छ भन्ने कुरा उनले बेलैमा बुझेका थिए ।

उनले आफ्ना 'दिव्योपदेश' मार्फत विदेशी व्यापारी, बाह्य राजनीतिक प्रभाव र आन्तरिक विभाजनप्रति सधैँ सतर्क रहन कठोर चेतावनी दिएका थिए । आजको नेपालको तस्बिर हेर्ने हो भने विदेशी दूतावासहरूको अस्वाभाविक सक्रियता, अन्तर्राष्ट्रिय संस्थाहरूको नीतिगत हस्तक्षेप, राजनीतिक दलहरूको बाह्य शक्ति-आश्रित चरित्र र मुलुकको आन्तरिक निर्णय प्रक्रियामा बढ्दो वैदेशिक छायाँले पृथ्वीनारायण शाहको त्यो साढे दुई सय वर्ष पुरानो चेतावनीलाई आज झन् बढी सान्दर्भिक र जीवन्त तुल्याइदिएको छ ।

### राजसंस्था ढल्योः तर देशले के पायो?

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नारा घन्काउँदै २०६५ सालमा नेपालबाट राजसंस्थाको विधिवत अन्त्य गरियो। त्यसबेला सोझा जनतालाई आर्थिक समृद्धि, सुशासन, द्रुत विकास र स्थिरताका सुनौला सपनाहरू बाँडिएका थिए । भनिएको थियो– "अब जनता नै वास्तविक मालिक हुनेछन् र देशले काँचुली फेर्नेछ ।" तर, राजसंस्था हटेको झन्डै दुई दशक पुग्न लाग्दा आज आम नेपाली नागरिकले छातीमा हात राखेर आत्मसमीक्षा गर्दै सोध्नुपर्ने बेला आएको छः

### के मुलुकबाट भ्रष्टाचार घट्यो कि संस्थागत रूपमा मौलायो?

- के देशमा राजनीतिक स्थिरता आयो कि सत्ताको फोहोरी खेल झन् तीव्र बन्यो?
- के अन्तर्राष्ट्रिय मञ्चमा नेपालको राष्ट्रिय स्वाभिमान र साख बलियो भयो?
- के देशका होनहार युवाहरू खाडी र पश्चिमा मुलुकमा पसिना बगाउन छोडे?
- के आम जनताका लागि शिक्षा, स्वास्थ्य र रोजगारीको अवस्थामा गुणात्मक सुधार आयो?
- के नेपाल बाह्य शक्तिहरूको क्रिडास्थल हुनबाट मुक्त हुन सक्यो?

विदारक यथार्थ हाम्रा सामु छ– आज गाउँहरू पुरुषविहीन र रित्ता छन्; युवाहरू श्रम बजारमा सस्तो मूल्यमा बेचिन बाध्य छन्; किसानहरू मल र बजार नपाएर निराश छन्; स्वदेशी उद्योगहरू बन्द प्रायः छन्; शिक्षा र स्वास्थ्य क्षेत्र व्यापारीकरणको चंगुलमा फसेको छ; अनि राजनीति केवल कुर्सी र भागबन्डाको निकृष्ट खेलमा सीमित भएको छ। जनताले व्यवस्थाको नाम परिवर्तन भएको त देखे, तर शासकहरूको चरित्र र प्रवृत्तिमा कुनै परिवर्तन देख्न पाएनन् ।

### विदेशी चलखेल र भू-राजनीतिक पासो

नेपाल आफ्नो विशिष्ट भौगोलिक अवस्थितिका कारण सधैँ अन्तर्राष्ट्रिय शक्तिकेन्द्र-हरूको रणनीतिक प्रतिस्पर्धाको केन्द्रमा रहँदै आएको छ । इतिहासमा ब्रिटिस साम्राज्यले नेपाललाई प्रत्यक्ष रूपमा कब्जा गर्न नसकेपछि यहाँ अप्रत्यक्ष प्रभाव बढाउने र आन्तरिक फुट पैदा गर्ने नीति अख्तियार गऱ्यो । शीतयुद्धकालमा पनि विभिन्न शक्ति राष्ट्रहरूले नेपाललाई आफ्नो सैन्य वा राजनीतिक प्रभाव क्षेत्र बनाउने प्रयास गरे।

आजको खुला परिवेशमा त यो चलखेल झनै नाङ्गो रूपमा सडक र सदन दुवै तिर देखिन थालेको छ । नेताहरूको लर्को लागेर हुने रहस्यमय विदेश भ्रमण, विदेशी कूटनीतिज्ञहरूसँगको अपारदर्शी भेटघाट, दूतावास-केन्द्रित राजनीतिक गतिविधि, र अनुदान तथा विकास परियोजनाका नाममा देशको सार्वभौम नीतिमै हस्तक्षेप गर्ने प्रवृत्ति– यी यस्ता गम्भीर विषय हुन् जसलाई आम नागरिकले अब सामान्य रूपमा लिनु हुँदैन ।

आखिर नेपालमा सत्ता परिवर्तन हुँदा विदेशी शक्तिहरू किन यति धेरै चासो र सक्रियता देखाउँछन्? किन नेपालको आन्तरिक राजनीतिको साँचो बाह्य शक्तिकेन्द्रहरू सँग जोडिन्छ? र किन हाम्रा शासकहरूमा राष्ट्रिय मुद्दाभन्दा विदेशी प्रभुहरूलाई रिझाउने प्रवृत्ति हाबी हुन्छ? यी प्रश्नहरू केवल भावनात्मक आक्रोश मात्र होइनन्, यिनीहरू नेपालको राष्ट्रिय अस्तित्व र सार्वभौमिकतासँग जोडिएका अहम् सवाल हुन् ।

यस सन्दर्भमा, कतिपय विश्लेषक र आम नागरिकको बुझाइमा नेपालको राजसंस्था एउटा यस्तो स्थायी र तटस्थ शक्ति थियो, जसले दलहरू र क्षणिक राजनीतिभन्दा माथि उठेर राष्ट्रिय हितको सन्तुलन कायम गर्थ्यो । राजसंस्थाको उपस्थितिका कारण विदेशी शक्तिहरूलाई सिधै नेपालको नीतिगत तहमा पूर्ण नियन्त्रण जमाउन कठिन हुन्थ्यो भन्ने तर्कलाई नजरअन्दाज गर्न मिल्दैन। यद्यपि, इतिहासमा राजतन्त्रका पनि आफ्नै कमजोरीहरू थिए– जस्तै शक्तिको अति-केन्द्रीकरण, जनआकाङ्क्षाको सीमित सम्बोधन र प्रजातान्त्रिक अधिकार माथिका कतिपय अङ्कुशहरू । तर, आजको भयावह बेथिति र वैदेशिक हस्तक्षेपको तुलना गर्दै धेरै नागरिकले स्वतःस्फूर्त रूपमा सोध्न थालेका छन्: "कमजोरीहरूका बाबजुद पनि के राजतन्त्रकै कालखण्डमा नेपालको राष्ट्रिय हित र अस्मिता बढी सुरक्षित थिएन र?"

### राजाः व्यक्ति मात्र होइनन्, प्रतीक हुन्

राजसंस्थाको वकालत गर्नेहरूका लागि राजा केवल एउटा हाडछालाको व्यक्ति होइनन्; उनी त राष्ट्रिय एकता, प्राचीन परम्परा, सनातन सभ्यता र ऐतिहासिक निरन्तरताका साझा प्रतीक हुन्। आवधिक निर्वाचनसँगै दलहरू परिवर्तन भइरहन्छन्, सरकारहरू ढलिरहन्छन् र नेताहरू फेरिइ रहन्छन्; तर देशको स्थायित्व, सार्वभौमिकता र संकटको घडीमा सबैलाई जोड्न सक्ने एउटा स्थायी, गैर-राजनीतिक राष्ट्रिय प्रतीक आवश्यक हुन्छ ।

नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र भौगोलिक विविधताले भरिएको देशमा त यस्तो साझा र तटस्थ संस्थाको आवश्यकता अझ बढी खड्किने गर्दछ। यही कारणले गर्दा नै आज संसारका धेरै विकसित, आधुनिक र परम लोकतान्त्रिक मुलुकहरू (जस्तै संयुक्त अधिराज्य, जापान, नर्वे, स्वीडेन आदि) मा पनि संवैधानिक राजसंस्थालाई अत्यन्तै सम्मानका साथ कायम राखिएको छ ।

### राष्ट्रिय आत्ममन्थनको घडी

आजको आवश्यकता कुनै व्यवस्थाको अन्धसमर्थन वा कसैको अन्धविरोध गर्नु होइन; बरु एउटा गहिरो र निर्मम राष्ट्रिय आत्ममन्थनको हो । बहस केवल "राजा राम्रो कि दल राम्रो" वा "राजतन्त्र राम्रो

कि गणतन्त्र" भन्ने सतही विषयमा मात्र केन्द्रित हुनु हुँदैन । वास्तविक र दूरगामी बहस त यी प्रश्नहरूमा हुनुपर्छः

१. नेपालको राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डता कसरी सुरक्षित रहन सक्छ?

२. विदेशी प्रभाव र दबाबबाट पूर्ण रूपमा मुक्त, स्वाधीन निर्णय प्रणालीको निर्माण कसरी गर्ने?

३. जातीय र धार्मिक रूपमा विभाजित गर्न खोजिएको समाजमा राष्ट्रिय एकता कसरी बलियो बनाउने?

४. नीतिगत भ्रष्टाचार र राजनीतिलाई व्यापार बनाउने गिरोहलाई कसरी ध्वस्त पार्ने?

५. नेपाली युवाहरूले आफ्नो र आफ्नो सन्ततिको भविष्य आफ्नै माटोमा देख्न सक्ने आत्मनिर्भर वातावरण कसरी निर्माण गर्ने?

यदि वर्तमान राजनीतिक व्यवस्था र यसका सञ्चालकहरू विगत डेढ दशकदेखि यी आधारभूत प्रश्नहरूको उत्तर दिन र नागरिक लाई डेलिभरी दिन पूर्ण रूपमा असफल भइरहेका छन् भने, जनताले वैकल्पिक शासकीय संरचना र नेतृत्वका बारेमा खुला बहस गर्नु उनीहरूको नैसर्गिक लोकतान्त्रिक अधिकार हो । र, त्यो विकल्पको बहसमा राजसंस्थाको पुनर्स्थापनाको मुद्दा स्वाभाविक र लोकतान्त्रिक रूपमै अग्रपंक्तिमा आउँछ ।

**निष्कर्ष : चेतनाको उदय**

नेपालको भविष्यलाई केवल केही थान स्वार्थी दल र तिनका सिमित नेताहरूको हातमा सुम्पेर जनता मुकदर्शक भई बस्ने समय अब समाप्त भइसकेको छ। इतिहासलाई केवल राजनीतिक नारा र भावनाको लेन्सबाट होइन, त्यसले दिएको वस्तुनिष्ठ परिणामको कसीमा राखेर हेर्नुपर्ने बेला आएको छ ।

राजसंस्था फर्काउने वा नफर्काउने भन्ने अन्तिम फैसला सार्वभौम नेपाली जनताले नै गर्ने हो र यो उनीहरूकै विवेकमा छाडिनुपर्छ । तर इतिहासको एउटा कडा पाठ के हो भने– जब-जब आन्तरिक रूपमा राष्ट्रियता कमजोर हुन्छ, तब-तब वैदेशिक चलखेल र प्रभाव बलियो हुन्छ। जब जनता आपसमा विभाजित हुन्छन्, बाह्य शक्तिहरूले खेल्ने मैदान पाउँछन् । र जब हामी आफ्नो गौरवशाली इतिहास बिर्सन्छौं, तब हाम्रो भविष्य स्वतः असुरक्षित र परनिर्भर बन्न पुग्छ ।

नेपाललाई केवल आवधिक चुनाव वा सडकका सस्ता नाराले मात्र बचाउन सक्दैन, यसलाई बचाउने भनेको नागरिकको उन्नत चेतनाले हो । राष्ट्रिय स्वाभिमान, मौलिक सांस्कृतिक अस्तित्व, ऐतिहासिक निरन्तरता र आत्मनिर्भर सोचविना संसारको कुनै पनि राजनीतिक व्यवस्था सफल हुन सक्दैन ।

त्यसैले आजको सबैभन्दा ठूलो र यक्ष प्रश्न "राजा कि गणतन्त्र?" भन्ने होइन। असली प्रश्न त यो हो: "के हामी साँच्चै स्वतन्त्र सोच र विवेक भएका सार्वभौम नेपाली हौं, कि कतै अज्ञात रूपमा अरू कसैको अदृश्य खेलमा प्रयोग भइरहेका निमित्त पात्र मात्र हौं?"

जब प्रत्येक नेपाली नागरिकले आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर यो प्रश्नको उत्तर खोज्न सुरु गर्नेछन्, ठिक त्यही दिनदेखि यो मुलुकमा वास्तविक 'चेतनाको ढोका' खुल्नेछ र नेपालको पुनरुत्थानको मार्गप्रशस्त हुनेछ ।

## डेमोक्रेसीभित्र लुकेको .... बाँकी

यति शक्तिशाली र निरङ्कुश बनिदिन्छन् कि उनीहरू आफैंलाई जन्माउने 'जनता' माथि नै दमन र शोषणको चक्र चलाउन थाल्छन् । यो डेमोक्रेसीले आफैंभित्रबाट "राजनीतिक डेमोन" जन्माएको तीतो यथार्थ हो ।

यसका साथै, दुवै प्रणालीलाई जीवित रहन निरन्तर 'ऊर्जा र बलिदान' को खाँचो पर्छ। मिथकहरूमा दुष्ट शक्तिलाई टिकाइराख्न निरन्तर नकारात्मक ऊर्जा वा बलिको आवश्यकता परे जस्तै, डेमोक्रेसीलाई जीवित र सान्दर्भिक राख्न नागरिकहरूले सजगता, समय, कर र कतिपय अवस्थामा रगत-पसिनाको आहुति दिइरहनुपर्छ । यदि नागरिकले चासो दिन छोडे भने डेमोक्रेसीको मियो ढल्छ; जसरी ऊर्जा दिन छोडे डेमोन हराउँछ ।

फ्रान्सेली चिन्तक अलेक्सिस डी टोक्भिलले डेमोक्रेसीको सबैभन्दा ठूलो खतरा औंल्याउँदै यसलाई "बहुमतको निरङ्कुशता" (Tyranny of the Majority) भनेका थिए। यदि डेमोक्रेसीबाट विवेक, नैतिकता र अल्पसङ्ख्यकको अधिकार हरायो र केवल बहुमतको कुरुप गणित मात्र बाँकी र ह्यो भने ५१ प्रतिशतले ४९ प्रतिशतमाथि न्यायको नाममा अत्याचार गर्न सक्छन्। जब डेमोक्रेसी यो तहमा स्खलित हुन्छ, तब त्यो डेमोक्रेसी रहँदैन; त्यो एउटा अराजक र हिंस्रक भीडतन्त्र (Mobocracy) मा परिणत हुन्छ, जुन कुनै दानवीय शासनभन्दा फरक हुँदैन।

अन्ततः, डेमोक्रेसी मानिसको उज्यालो र विवेकपूर्ण पाटोले निर्माण गरेको सुन्दर ऐना हो । तर, यदि यसलाई सही ढङ्गले सञ्चालन गरिएन र नागरिकहरू मूकदर्शक मात्र बनिरहे भने, यसले आफैंभित्रबाट यस्तो दानव (Demon) लाई ब्युँताउन सक्छ, जसले आफ्नै सिर्जनाकर्ता (जनता) लाई निल्न बेर लाउँदैन। त्यसैले, डेमोक्रेसीलाई 'डेमोन' बन्न नदिन र यसको उज्यालो पक्षलाई जोगाइराख्न नागरिकहरूको निरन्तर खबरदारी, प्रश्न गर्ने आँट र विवेकको सधैं खाँचो पर्दछ । ऐनामा देखिने यो धमिलो छायालाई बेलैमा चिन्नु नै आजको नागरिक चेतनाको वास्तविक परीक्षा हो।

# विभिन्न देशका लागि राजदूत पदमा खुला आवेदन र सिफारिस आह्वान,




## जेठ २२ गतेसम्म बुझाउनुपर्ने



नेपाल सरकार, परराष्ट्र मन्त्रालयले विभिन्न मुलुकहरूका लागि रिक्त रहेका नेपाली राजदूत पदहरूमा खुला प्रतिस्पर्धा र सिफारिसका आधारमा नियुक्ति प्रक्रिया अघि बढाएको छ । मन्त्रालयले एक सूचना जारी गर्दै नेपालको परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिको प्रभावकारी सञ्चालन तथा प्रवर्द्धनका लागि योग्य तथा इच्छुक नेपाली नागरिकहरूबाट आवेदन माग गरेको हो ।

यस पटकको नियुक्ति प्रक्रियामा कूटनीतिक क्षेत्रमा चासो राख्ने योग्य उम्मेदवारहरूले स्वयम् आफ्नो दरखास्त पेश गर्न सक्नेछन् भने अन्य कुनै व्यक्ति वा निकायले पनि उपयुक्त पात्रको नाम सिफारिस गर्न सक्ने विशेष व्यवस्था गरिएको छ ।

**'राजदूत नियुक्ति निर्देशिका' र कार्यशर्त (TOR) अनिवार्य**

मन्त्रालयका अनुसार यो नियुक्ति प्रक्रिया 'राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५' को अधीनमा रहेर सञ्चालन हुनेछ । आकांक्षी उम्मेदवारहरूको योग्यता र कार्यक्षमता मापन गर्नका लागि मन्त्रालयले आफ्नो वेबसाइटमा विस्तृत कार्यशर्त (Terms of Reference – TOR) समेत सार्वजनिक गरिसकेको छ । उक्त तोकिएको मापदण्ड र योग्यता पुगेका उम्मेदवारहरू मात्र यस प्रक्रियामा सहभागी हुन वा सिफारिस गरिन योग्य मानिनेछन् ।

**आवेदन प्रक्रिया र अन्तिम म्याद**

सम्भावित उम्मेदवार वा सिफारिसकर्ताहरूले मन्त्रालयको आधिकारिक वेबसाइटमा उपलब्ध अनलाइन फारममार्फत आफ्नो विस्तृत व्यक्तिगत विवरण (CV/Bio–data) र आवश्यक शैक्षिक तथा व्यावसायिक कागजातहरू पेश गर्नुपर्नेछ ।

**दरखास्त बुझाउने अन्तिम मितिः** २०८३ जेठ २२ गते (५ जुन २०२६) अपरान्ह १७:०० बजेसम्म ।

**विशेष नोटः** अनलाइन फारम भर्न कुनै प्राविधिक कठिनाइ भएमा मागिएका विवरणहरू मन्त्रालयको आधिकारिक इमेल fmo@mofa.gov.np मा समेत पठाउन सकिने व्यवस्था गरिएको छ ।

**प्रारम्भिक सूची (Shortlist) तयार** गरिने तोकिएको म्याद नाघेर आएका वा रीत नपुगेका आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश नगरिने मन्त्रालयले स्पष्ट पारेको छ। मन्त्रालयले प्राप्त भएका सम्पूर्ण आवेदन र सिफारिसहरूको सुक्ष्म अध्ययन गरी योग्यता, कूटनीतिक दक्षता र उपयुक्तताका आधारमा उम्मेदवारहरूको प्रारम्भिक 'सर्टलिस्ट' (Shortlist) तयार पार्नेछ। सर्टलिस्टमा पर्न सफल उम्मेदवारहरूलाई मात्र संसदीय सुनुवाइ लगायतका आगामी कूटनीतिक नियुक्तिको थप प्रक्रियाका लागि सम्पर्क गरिने सूचनामा उल्लेख छ ।

**थप जानकारीका लागि आधिकारिक लिङ्कहरूः**

**कार्यशर्त (TOR) लिङ्कः** https://mofa.gov.np/content/1816/terms-of-reference--ambassador-of-nepal/

**आवेदन फारम (Application) लिङ्कः** https://mofa.gov.np/pages/applynow/



परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाडौं

सूचना

विभिन्न मुलुकहरूका लागि नेपालको राजदूत पदमा आवेदन/सिफारिस आह्वान

२०८३ जेठ १४
(२८ मे २०२६)

रिपोर्ट

# जेनजी (Gen Z) आन्दोलनको भित्री पाटोः

## राज्यको क्रूरता, नेतृत्वको विफलता र सेलिब्रेटीहरूको उत्तेजना

- विशेष ब्युरो रिपोर्ट

**उच्चस्तरीय छानबिन समितिले फोरेन्सिक ल्याब रिपोर्ट, बैलिस्टिक रिपोर्ट, सीसीटीभी फुटेज र ५00 भन्दा बढी व्यक्तिहरूसँगको सोधपुछका आधारमा तयार पारेको यो प्रतिवेदनले राज्यपक्षको क्रूरता र आन्दोलनभित्रको विसंगति द्धुवै लाई नग्न रूपमा बहसमा ल्याएको छ।**




वि.सं. २०८२ साल भदौ २३ र २४ गते सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र चौतर्फी आक्रोशका कारण चर्किएको युवा नेतृत्वको 'जेनजी (Gen Z) आन्दोलन' नेपाली राजनीतिक र सामाजिक इतिहासकै एउटा भयानक र अविस्मरणीय मोड बन्न पुग्यो । सो आन्दोलनका क्रममा भएका गम्भीर मानव अधिकार उल्लंघन, सुरक्षा निकायको असफलता र राजनीतिक दाउपेच बारे राष्ट्रिय मानव अधिकार आयोगले हालै सार्वजनिक गरेको विस्तृत छानबिन प्रतिवेदनले देशको प्रशासनिक, राजनीतिक र सुरक्षा संयन्त्रको जग नै हल्लाइदिएको छ।

आयोगकी सदस्य लिली थापाको संयोजकत्वमा गठित उच्चस्तरीय छानबिन समितिले फोरेन्सिक ल्याब रिपोर्ट, बैलिस्टिक रिपोर्ट, सीसीटीभी फुटेज र ५०० भन्दा बढी व्यक्तिहरूसँगको सोधपुछका आधारमा तयार पारेको यो प्रतिवेदनले राज्यपक्षको क्रूरता र आन्दोलन भित्रको विसंगति दुवैलाई नग्न रूपमा बहसमा ल्याएको छ।

### १. शीर्ष नेतृत्वलाई कारबाही सिफारिसः 'चेन अफ कमाण्ड' को घेरामा ओली र लेखक

आयोगको प्रतिवेदनले आन्दोलनका क्रममा सुरक्षाकर्मीको गोली लागेर स्थलगत रूपमा १९ जना र उपचारका क्रममा २३ जना गरी कुल ४२ जनाको मृत्यु भएको घटनामा तत्कालीन राज्य सञ्चालकहरूलाई सिधै दोषी ठहऱ्याएको छ।

प्रतिवेदनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रहरी महानिरीक्षक (आइजिपी) चन्द्रकुवेर खापुङसहित राष्ट्रिय सुरक्षा परिषदका पदाधिकारीहरूलाई कारबाहीका लागि सिफारिस गरेको छ। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध नै आन्दोलनको मुख्य कारक रहेको र सुरक्षा निकाय एवं सञ्चारमन्त्रीले दिएको प्रतिबन्ध फुकुवाको सुझावलाई तत्कालीन प्रधानमन्त्री ओलीले लत्याएको प्रतिवेदनमा उल्लेख छ।

**प्रतिवेदनको अंशः** "'मैले गोली हान्न आदेश दिएको होइन' भन्ने ओठे तर्कले मात्र नेतृत्व लाई जिम्मेवारीबाट उन्मुक्ति दिँदैन । चेन अफ कमाण्डअन्तर्गत परिचालित सुरक्षा कर्मीबाट भएको कार्यको अन्तिम र सम्पूर्ण जिम्मेवारी नेतृत्व तहले नै लिनुपर्दछ।"

### २. सेनाको सुरक्षा कमजोरीः सिंहदरबार र शीतल निवास जल्दा 'मुकदर्शक'

आन्दोलनकारीहरूले देशकै प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति भवन (शीतल निवास) जस्ता अति संवेदनशील क्षेत्रमा तोडफोड र आगजनी गर्दा नेपाली सेनाको गम्भीर सुरक्षा कमजोरी देखिएको आयोगको ठहर छ।

आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ५ बमोजिम सरकारको ध्यानाकर्षण गराउँदै प्रधानसेनापति अशोकराज सिग्देललाई राष्ट्रिय सम्पत्तिको सुरक्षा र मानव अधिकार संरक्षणप्रतिको दायित्वलाई प्राथमिकता दिन निर्देशन दिन सरकारलाई आग्रह गरेको छ। साथै,








सिंहदरबार र शीतल निवासका तत्कालीन सैन्य कमाण्डरहरूलाई सचेत गराउन समेत भनिएको छ ।

**३. नख्खु कारागार ब्रेक र रवि लामिछानेको बाझिएको बयान**

आन्दोलनकै आडमा ललितपुरको नख्खु कारागार र विभिन्न बालसुधार गृहहरू तोडफोड गरी १३ हजार ५८५ जना कैदीबन्दी र ९७४ जना बालबिज्याई कर्ताहरू फरार भएको घटनामा रास्वपा सभापति रवि लामिछाने र जेलर सत्य राज जोशीको भूमिकामाथि आयोगले गम्भीर प्रश्न उठाएको छ ।

छानबिनका क्रममा जेलर जोशीले "बाहिरको दबाब र धम्कीका कारण डरको बीचमा रवि लामिछानेलाई छाड्ने पत्रमा हस्ताक्षर गरेको" बयान दिएका छन् भने लामिछानेले "जेल प्रशासनले सुरक्षा दिन नसक्ने भएपछि आफूलाई पत्र दिएर बाहिर पठाएको" दाबी गरेका छन् । यी बाझिएका बयानहरूका बीच कारागार ऐन, २०७९ को उल्लंघन भएको भन्दै आयोगले यसमा सूक्ष्म अनुसन्धान गर्न सरकारलाई सिफारिस गरेको छ । फरार कैदीहरूले समाजमा पुनः अपराध गर्दा नागरिकको शान्तिपूर्वक बाँच्ने अधिकार हनन भएको प्रतिवेदनमा उल्लेख छ ।

**४. सुधन गुरुङको इन्ट्री र आन्दोलन 'हुलदङ्गा' मा परिणत**

आयोगको प्रतिवेदनले आन्दोलनकारीको तर्फबाट भएको घुसपैठ र हिंसाको पाटो लाई पनि केलाएको छ । शान्तिपूर्ण रूपमा सुरु भएको 'जेनजी आन्दोलन' मा 'हामी नेपाल' संस्थाका अध्यक्ष एवं निवर्तमान गृहमन्त्री सुधन गुरुङको प्रवेश र नेतृत्व पछि आन्दोलन हुलदङ्गा र हिंसामा परिणत भएको आयोगको निष्कर्ष छ ।

गुरुङ आफैँमा 'जेनजी' पुस्ताका नभए पनि उनको र उनको टोलीको संलग्नता पछि प्रदर्शनकारीहरू आक्रोशित बनेको र संसद् भवन लगायतका भौतिक संरचनामा आगजनी भएको भन्दै उनीमाथि थप अनुसन्धान गर्न भनिएको छ । (नोटः सुधन गुरुङमाथि विवादास्पद व्यवसायी दीपक भट्टसँगको साझेदारी र सेयर लुकाएको आरोपमा उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारीको समितिले दुई दिनसम्म बयान लिइसकेको छ र प्रतिवेदन लेखन अन्तिम चरणमा छ) ।

**५. सेलिब्रेटी, सांसद र अभियन्तासहित ४९ जना अनुसन्धानको घेरामा**

आयोगले आन्दोलनपूर्व र आन्दोलनका क्रममा सामाजिक सञ्जालमा उत्तेजक अभिव्यक्ति दिएर भीडलाई कानुन हातमा लिन दुरुत्साहन गरेको आरोपमा ४९ जना हाइप्रोफाइल व्यक्तिहरू माथि सूक्ष्म अनुसन्धान गर्न गृह मन्त्रालयलाई सिफारिस गरेको छ ।

अनुसन्धानको सूचीमा चुनावी सरकारकी अन्तरिम प्रधानमन्त्री सुशीला कार्की, रास्वपाका सांसदहरू (डा. तोषिमा कार्की, मनिष झा, हरि ढकाल, गणेश कार्की), कलाकार निश्चल बस्नेत, सिसन बानियाँ, पूर्वयुवराज्ञी हिमानी राज्यलक्ष्मी सिंह, अभियन्ताहरू दुर्गा प्रसाईं, ज्वाला संग्रौला, भाग्य न्यौपाने र हेमराज थापा लगायतका चर्चित चेहराहरू छन् । उनीहरूको अभिव्यक्तिले सार्वजनिक शान्तिमा पारेको प्रभावबारे 'स्वच्छ सुनुवाइको हक' सुनिश्चित गर्दै अनुसन्धान गर्न आयोगले भनेको छ ।

**६. सामाजिक न्याय र मानवीय क्षतिपूर्तिको प्रस्ताव**

आन्दोलनमा राज्यपक्ष र प्रदर्शनकारी दुवै तर्फ गरी कुल ७६ जनाको मृत्यु (६३ प्रदर्शनकारी, १० कैदीबन्दी र ३ प्रहरी) भएको प्रतिवेदनले पुष्टि गरेको छ । यस मानवीय क्षतिलाई सम्बोधन गर्न आयोगले सरकार समक्ष ठोस सामाजिक न्यायको प्रस्ताव अघि सारेको छः

**आजीवन उपचारः** आन्दोलनका घाइते भई हालसम्म उपचाररत वा दीर्घकालीन औषधि सेवन गरिरहेका नागरिकको भविष्यको सम्पूर्ण उपचार खर्च राज्यले व्यहोर्नुपर्ने ।

**एक परिवार, एक रोजगारः** ज्यान गुमाएका व्यक्तिहरूका आश्रित परिवारका कम्तीमा एक जना सदस्यलाई सरकारी वा स्वरोजगारको अवसर प्रदान गर्नुपर्ने ।

**आजीविका भत्ताः** प्रदर्शनका क्रममा स्थायी रूपमा अपाङ्गता भएका घाइतेहरूलाई आजीवन सहायक सेवा वा भत्ताको व्यवस्था गर्नुपर्ने ।


**निष्कर्षः प्रतिवेदन दराजमा थन्किने कि न्याय हुने?**

आधुनिक मानव अधिकारको अवधारणाले राज्यलाई मात्र होइन, भीडलाई उत्तेजित बनाउने राजनीतिक दल, जिम्मेवार व्यक्ति र निजी संघसंस्थाहरूलाई पनि उत्तिकै जिम्मेवार ठहऱ्याउँछ । राष्ट्रिय मानव अधिकार आयोगले बुझाएको यो प्रतिवेदन केवल एक सरकारी कागजात मात्र होइन, बरु नेपाली राज्य संयन्त्र र नागरिक समाजका लागि एउटा ऐना हो ।

अब प्रश्न नेपाल सरकारको कोर्टमा छ–के यो ऐतिहासिक प्रतिवेदन विगतका प्रतिवेदनहरू झैँ सिंहदरबारको दराजमा थन्किनेछ, वा यसका आधारमा देशका शक्तिशाली नेता, सुरक्षा प्रमुख र सेलिब्रेटीहरूमाथि कानुनी डण्डा चल्नेछ? यसैमा नयाँ सरकारको कानुनी राज्यप्रतिको प्रतिबद्धता मापन हुनेछ ।

# डिजिटल रुपान्तरण र कर परिष्कारसँ






आगामी आर्थिक वर्षमा ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य; व्यक्तिगत आयकर छुटको सीमा १० लाख पुऱ्याइयो

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल रू. २१ खर्ब २४ अर्ब ३४ करोडको महत्त्वाकाङ्क्षी र सुधारात्मक बजेट सार्वजनिक गरेको सङ्घीय संसदको संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जानकारी दिनुभएको छ। विगतको राजनीतिक अस्थिरताको दुष्चक्र अन्त्य भएको उद्घोष गर्दै अर्थमन्त्रीले मुलुकलाई आर्थिक सुधारको निर्णायक मोडमा पुऱ्याउने दाबी गर्नुभयो। सरकारले आगामी वर्ष ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र मूल्य वृद्धिदरलाई ६ प्रतिशतभित्रै सीमित राख्ने लक्ष्य लिएको छ।

नयाँ बजेटको खर्च बेहोर्ने स्रोततर्फ राजस्वबाट रू. १४ खर्ब ५ अर्ब ३१ करोड र वैदेशिक अनुदानबाट रू. ६१ अर्ब ७४ करोड सङ्कलन गरिने प्रक्षेपण छ। यसबाट हुन आउने वित्तीय न्यूनता पूर्ति गर्न रू. २४७ अर्ब २८ करोड वैदेशिक ऋण र रू. ४१० अर्ब आन्तरिक ऋण परिचालन गरिने योजना बजेटमा समेटिएको छ।

### चालु खर्चकै दबदबा, विकास बजेट संकुचित

विनियोजित कुल बजेटमध्ये चालु खर्चतर्फ रू. १२ खर्ब ७० अर्ब ५८ करोड (५९.८ प्रतिशत) छुट्याइएको छ, जुन कर्मचारीको तलब, भत्ता र प्रशासनिक कार्यमा खर्च हुनेछ। देशको पूर्वाधार निर्माण र विकासका लागि महत्वपूर्ण मानिने पुँजीगत (विकास) खर्चतर्फ भने मात्र रू. ४ खर्ब ३१ अर्ब १० करोड (२०.३ प्रतिशत) विनियोजन गरिएको छ। बाँकी रू. ४ खर्ब २२ अर्ब ६४ करोड (१९.९ प्रतिशत) वित्तीय व्यवस्थापन अर्थात् सार्वजनिक ऋणको सावाँ-ब्याज भुक्तानीका लागि छुट्याइएको छ।


### मध्यम वर्ग र कर्मचारीलाई राहत

बजेटले आम नागरिक र कर्मचारी वर्गलाई विशेष सम्बोधन गरेको छ। मध्यम वर्गलाई ठूलो राहत दिँदै व्यक्तिगत आयकर छुटको सीमालाई दोब्बर बनाएर दश लाख रुपैयाँ पुऱ्याइएको छ भने अधिकतम आयकरको दरमा १० प्रतिशत विन्दुले कटौती गरिएको छ। यस्तै, सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन र राष्ट्रसेवकहरूको मनोबल बढाउन निजामती, जङ्गी, प्रहरी र शिक्षकको सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गरिएको छ। यसका साथै कार्य सम्पादनमा आधारित थप १० प्रतिशत भत्ताको व्यवस्था समेत बजेटमा छ।

### प्रविधि र प्रशासनिक सुधारमा 'ब्रेकथ्रु'

नेपाललाई 'टेकहब' का रूपमा विकास गर्न बजेटमा नवप्रवर्तन र एआई (AI) युगको सुरुवात गर्ने घोषणा गरिएको छ। काठमाडौँको स्यूचाटारमा देशकै पहिलो 'सार्वभौम एआई कम्प्युट केन्द्र' स्थापना गर्ने, अन्तर्राष्ट्रिय स्तरका १५ नेपाली शोधकर्तालाई फेलोसिप दिएर स्वदेश फर्काउने र आईटी सेवा निर्यातको आयमा ५० प्रतिशत कर छुट दिने साहसिक नीति घोषणा गरिएको छ।

# हित रू. २१ खर्ब २४ अर्बको बजेट प्रस्तुत







@ एस. आचार्य

अर्कोतर्फ, फजुल खर्च नियन्त्रणका लागि मन्त्रालयको सङ्ख्या १८ मा झारिसकिएको अवस्थामा थप ३१ वटा अनावश्यक सरकारी निकाय खारेज र ६ वटालाई मर्जर गरी करिब रू. २० अर्ब जोगाउने लक्ष्य सरकारको छ ।

**पूर्वाधार र उड्डयन क्षेत्रको पुनःसंरचना**

बजेटले 'मध्य-मधेश चतुर्भुज', 'कर्णाली चतुर्भुज' र 'गण्डकी चतुर्भुज' जस्ता प्रादेशिक विकासका एकीकृत अवधारणा अघि सारेको छ । ऊर्जा क्षेत्रतर्फ आगामी वर्ष १०४० मेगावाट बिजुली राष्ट्रिय ग्रिडमा जोडेर कुल क्षमता ५५३५ मेगावाट पुऱ्याउने र निजी क्षेत्रलाई विद्युत व्यापार गर्न दिने नीति लिइएको छ । नेपाली उड्डयन क्षेत्रलाई युरोपियन युनियनको 'एयर सेफ्टी लिस्ट' बाट बाहिर निकाल्न नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सञ्चालक गरी दुई अलग निकायमा आगामी पुसभित्रै पुनःसंरचना गरिने प्रतिवद्धता बजेटमा छ ।

अर्थविद्हरूको दृष्टिकोणः अवसर र चुनौती

बजेटले प्रविधि, डिजिटल अर्थव्यवस्था र कर प्रणाली सुधारको दिशामा स्पष्ट मार्गचित्र कोरेको भन्दै सकारात्मक प्रतिक्रिया आएका छन् । तर, कुल बजेटको झण्डै ६० प्रतिशत हिस्सा साधारण खर्चमै सकिने र विकास खर्च संकुचित हुनुले पुंजी निर्माणको गति सुस्त हुने चिन्ता थपेको छ । बजेटको ठूलो हिस्सा (रू. ४१० अर्ब) आन्तरिक ऋणमा निर्भर रहँदा बैंकिङ बजारमा तरलता संकुचन हुन सक्ने र नेपाल विद्युत प्राधिकरण एवं वायुसेवा निगमजस्ता संस्थानहरूलाई कम्पनी मोडलमा लैजाने योजनामा राजनीतिक तथा ट्रेड युनियनको अवरोध आउन सक्ने चुनौतीहरू पनि उत्तिकै छन्।

**संक्षिप्तमाः**

आर्थिक वर्ष २०८३/८४ को बजेट आधुनिक र दृष्टिकोणयुक्त देखिए पनि यसको सफलता वित्तीय अनुशासन कायम राख्दै साधारण खर्च नियन्त्रण गर्ने र घोषणा गरिएका सुधारात्मक कानुनहरू (सनसेट कानुन) लाई कसरी कार्यान्वयन गरिन्छ भन्ने कुरामा निर्भर रहने देखिन्छ।

**बजेटको मुख्य डिजिटल तथ्याङ्कः**

| शीर्षक | विनियोजित रकम (रू. अर्बमा) | प्रतिशत (%) |
|---|---|---|
| **कुल बजेट** | २१२४.३४ | १००% |
| **चालु खर्च** | १२७०.५८ | ५९.८% |
| **पुंजीगत खर्च** | ४३१.१० | २०.३% |
| **वित्तीय व्यवस्था** | ४२२.६४ | १९.९% |



# कर्णालीसहित देशैभर मानसिक स्वास्थ्यको मुख्य चुनौती

## चिन्ता र उदासिनता, कर्णालीमा ६८ प्रतिशत महिला पीडित

@ ज्योति आचार्य

कर्णाली प्रदेशसहित नेपालभरि नै मानसिक स्वास्थ्यको सर्वाधिक समस्याका रूपमा 'चिन्ता (Anxiety) र उदासिनता (Depression)' देखिएको डरलाग्दो तथ्याङ्क सार्वजनिक गरिएको छ । कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयद्वारा बिहीबार वीरेन्द्रनगरमा आयोजित 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी समन्वय बैठक' मा यस्तो तथ्य बाहिर ल्याइएको हो ।

बैठकमा कार्यपत्र प्रस्तुत गर्दै मन्त्रालयका जनस्वास्थ्य अधिकृत महेश शर्माले नेपालमा कुल मानसिक रोगीमध्ये ४० प्रतिशतमा चिन्ता र २८ प्रतिशतमा निराशा (उदासीनता) रहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो । कर्णाली प्रदेशको अवस्था पनि राष्ट्रिय तथ्याङ्कै हाराहारीमा रहेको र यो समस्या दिनप्रतिदिन व्यापक बन्दै गएको उहाँले बताउनुभयो ।

### कर्णालीमा बर्सेनि बढ्दै बिरामी, महिलाको सङ्ख्या दोब्बर

मन्त्रालयको तथ्याङ्कअनुसार कर्णालीमा मानसिक स्वास्थ्य समस्या लिएर स्वास्थ्य संस्था पुग्नेहरूको सङ्ख्या बर्सेनि बढ्दो क्रममा छ ।

**वर्षगत अवस्थाः** आर्थिक वर्ष २०७९/८० मा ३ हजार ६८५ जनामा यो समस्या देखिएकोमा आव २०८०/८१ मा ह्वात्तै बढेर १४ हजार १८१ पुगेको थियो । त्यस्तै, आव २०८१/८२ मा १५ हजार १२० र आव २०८२/८३ मा ९ हजार ३१९ जनामा मानसिक समस्या अभिलेखीकरण भएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्म यो सङ्ख्या अझै वृद्धि हुने अनुमान मन्त्रालयको छ ।

**लैङ्गिक अवस्थाः** कर्णालीमा मानसिक स्वास्थ्य समस्या भोग्नेहरूमध्ये ६८ प्रतिशत महिला र ३२ प्रतिशत पुरुष रहेका छन्, जसले महिलाहरू यसको उच्च जोखिममा रहेको देखाउँछ ।

**विशिष्टीकृत वर्गीकरण (आव २०८१/८२):** गत आर्थिक वर्षमा १५ हजार ४५० जनामा चिन्ता रोग, ७ हजार ४८९ जनामा उदासिनता, १ हजार ४६२ जनामा कन्भर्जन डिसअर्डर देखिएको छ भने २०३ जनाले आत्महत्याको प्रयास गरेका छन् ।

### संरक्षणात्मक कार्यक्रममा जोड

सिएमसी (CMC) नेपालका प्राविधिक निर्देशक तथा मनोवैज्ञानिक डा. पशुपति महतले संस्थाले देशका ४ प्रदेशका ५४ जिल्लाका २१५ पालिकामा मानसिक स्वास्थ्यको क्षेत्रमा काम गरिरहेको जानकारी दिनुभयो । कर्णालीका डोल्पा र हुम्लाबाहेक ८ जिल्लाका ३३ पालिकामा आफ्नो कार्यक्षेत्र रहेको उल्लेख गर्दै उहाँले बालबालिका तथा किशोरीहरूलाई लक्षित गरी मानसिक स्वास्थ्य समस्या न्यूनीकरणका लागि संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

### रणनीति बनाउने कर्णाली पहिलो प्रदेश

बैठकलाई सम्बोधन गर्दै सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले कर्णाली प्रदेश नेपालकै सातै प्रदेशमध्ये 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग रणनीति' निर्माण गर्ने पहिलो प्रदेश भएको दाबी गर्नुभयो । उहाँले कर्णालीका ८ जिल्लाका २७ पालिकास्तरमा समेत मानसिक स्वास्थ्य नीति तथा रणनीति बनिसकेको जानकारी दिँदै प्रदेश सरकार यसको प्रभावकारी कार्यान्वयनमा प्रतिबद्ध रहेको बताउनुभयो ।

त्यस्तै, मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठले प्रदेश अस्पतालमा मानसिक स्वास्थ्यका विशेष जनशक्ति (विशेषज्ञ) को दरबन्दी खाली नहुने गरी व्यवस्थापन गरिने प्रतिबद्धता जनाउनुभयो। उपलब्ध जनशक्तिको कुशल परिचालनका लागि मन्त्रालय गम्भीरतापूर्वक अगाडि बढेको उहाँको भनाइ थियो ।

बैठकमा स्वास्थ्य सेवा महाशाखा प्रमुख वरिष्ठ जनस्वास्थ्य प्रशासक वृषबहादुर शाही र कर्णाली प्रदेश अस्पतालका मानसिक रोग विशेषज्ञ डा. सुशील समदर्शी लगायतले मानसिक स्वास्थ्यको गम्भीर मोडतर्फ गइरहेको परिस्थिति सुधार्न सबै सरोकारवाला निकायहरूको साझा र एकीकृत प्रयास आवश्यक रहेको औँल्याउनुभएको थियो।

# सामाजिक सञ्जालमा भाजपालाई समेत पछार्ने को हो ककरोच जनता पार्टी?

## यस्तो छ जन्मको भित्री रहस्य

@ सुनिल के.सी.






- भारतका मुख्य न्यायाधीश सूर्यकान्तले युवालाई 'ककरोच' र 'परजीवी'सँग तुलना गरेको भनाइपछि सामाजिक सञ्जालमा 'ककरोच जनता पार्टी' (सीजेपी) अभियान सुरु भयो।
- अभियानका संस्थापक अभिजित दिपकेले यसलाई व्यंग्यात्मक डिजिटल आन्दोलनको रूपमा सुरु गरेका हुन्।
- इन्स्टाग्राममा ४० लाखभन्दा बढी फलोअर्स पुगेका छन् भने २ लाखभन्दा बढीले सदस्यता दर्ता गरिसकेका छन्।

“

मे १५ मा एक मुद्दाको सुनुवाइका क्रममा भारतका मुख्य न्यायाधीश (CJI) सूर्यकान्तले बेरोजगारी र प्रणाली (सिस्टम) माथि प्रश्न उठाउने युवाहरूका विषयमा टिप्पणी गर्दै मौखिक रूपमा भनेका थिए– "आजभोलि साङ्ला (ककरोच) जस्ता युवाहरू छन्, जसले कतै रोजगारी पाउँदैनन्। तिनीहरूमध्ये कोही मिडिया, कोही सामाजिक सञ्जाल त कोही आरटीआई (सूचनाको हक) कार्यकर्ता बन्छन् र सबैमाथि आक्रमण गर्न थाल्छन्।"

नयाँ दिल्ली ।

भारतीय राजनीति र सामाजिक सञ्जालमा यतिबेला एउटा अनौठो र अभूतपूर्व 'डिजिटल उथलपुथल' देखिएको छ । निर्वाचन आयोगमा दर्ता नै नभएको र केवल सामाजिक सञ्जालको एउटा ठट्टा (Meme) बाट सुरु भएको 'ककरोच जनता पार्टी' (CJP) ले भारतका स्थापित राजनीतिक दलहरूलाई समेत झस्काइ दिएको छ ।

गएको शनिबार (मे १६) मात्रै स्थापना भएको यस 'प्यारोडी' पार्टीको इन्स्टाग्राम ह्यान्डलले मात्र ४ दिनमा १ करोड (१० मिलियन) फलोअर्सको आँकडा पार गर्दै भारतको सत्तारुढ दल भारतीय जनता पार्टी (BJP) को इन्स्टाग्राम फलोअर्सलाई समेत उछिनेको छ । इन्टरनेटमा cockroachjantaparty.org नामको वेबसाइट बनाएर सुरु गरिएको यस अभियानमा अहिलेसम्म ३ लाख ५० हजारभन्दा बढी युवाहरूले डिजिटल सदस्यता लिइसकेका छन् ।

आखिर के हो त 'ककरोच जनता पार्टी' र यो एकाएक कसरी भाइरल भयो?

**सर्वोच्चका मुख्य न्यायाधीशको त्यो एउटा टिप्पणी...**

यस अभियानको पृष्ठभूमि भारतको सर्वोच्च अदालतबाट सुरु हुन्छ । मे १५ मा एक मुद्दाको सुनुवाइका क्रममा भारतका मुख्य न्यायाधीश (CJI) सूर्यकान्तले बेरोजगारी र प्रणाली (सिस्टम) माथि प्रश्न उठाउने युवाहरूका विषयमा टिप्पणी गर्दै मौखिक रूपमा भनेका थिए– "आजभोलि साङ्ला (ककरोच) जस्ता युवाहरू छन्, जसले कतै रोजगारी पाउँदैनन् । तिनीहरूमध्ये कोही मिडिया, कोही सामाजिक सञ्जाल त कोही आरटीआई (सूचनाको हक) कार्यकर्ता बन्छन् र सबैमाथि आक्रमण गर्न थाल्छन्।"

मुख्य न्यायाधीशले देशका युवा, सामाजिक

सञ्जाल प्रयोगकर्ता र अधिकारकर्मीलाई 'ककरोच' र 'समाजका परजीवी' भने पछि इन्टरनेटमा आक्रोशको ज्वालामुखी विस्फोट भयो। युवाहरूले यसलाई आफ्नो आत्मसम्मानमाथिको प्रहार ठाने। यद्यपि, विवाद बढेपछि मुख्य न्यायाधीशले आफ्नो बयान नक्कली डिग्रीधारीहरूका प्रति लक्षित रहेको भन्दै स्पष्टीकरण दिएका छन्, तर त्यतिबेलासम्म ढिलो भइसकेको थियो।

अपमानलाई नै 'ब्रान्ड' बनाउने त्यो जुक्ति मुख्य न्यायाधीशको बयान भाइरल भएकै भोलिपल्ट, महाराष्ट्रका ३० वर्षीय युवा अभिजित दिपकेले सामाजिक सञ्जाल एक्स (ट्विटर) मा एउटा व्यंग्यात्मक पोस्ट गरे– "यदि देशका सबै ककरोचहरू एकै ठाउँमा आए भने के होला?"

त्यसपछि उनले 'ककरोच जनता पार्टी' (सीजेपी) को घोषणा गर्दै अनलाइन फारम जारी गरे। उनले अपमानलाई नै शक्तिको ब्रान्ड बनाउँदै पार्टीको नारा दिए– "Voice of the Lazy & Unemployed" (अल्छी र बेरोजगारहरूको आवाज)।

सीजेपीले आफूलाई "Secular, Socialist, Democratic, and Lazy" (धर्मनिरपेक्ष, समाजवादी, लोकतान्त्रिक र अल्छी) विचारधाराको पार्टी दाबी गरेको छ। यसको सदस्य बन्नका लागि सीजेपीले तय गरेका योग्यताहरू यस्ता छन्:

**बाध्यता, रहर वा सिद्धान्तले बेरोजगार हुनुपर्ने।**

अल्छी हुनुपर्ने (शारीरिक रूपमा मात्र)।

चौबीसै घण्टा इन्टरनेटमा सक्रिय रहने (Chronically Online) हुनुपर्ने।

व्यावसायिक रूपमा आफ्नो आक्रोश पोख्न सक्ने (Ability to rant professionally) क्षमता भएको हुनुपर्ने।

**केवल मज्जाक मात्र होइनः** गम्भीर घोषणापत्र

सुरुमा एउटा सामान्य ठट्टा जस्तो देखिए पनि यो अभियानले भारतको वर्तमान राजनीतिक र न्यायिक अवस्थामाथि तीखो प्रहार गरेको छ। सीजेपीले सार्वजनिक गरेको ५ बुँदे एजेन्डाले भारतका बौद्धिक वर्ग र विपक्षी नेताहरूको ध्यान तानेको छः

**न्यायाधीशमाथि प्रतिबन्धः** कुनै पनि मुख्य न्यायाधीशलाई अवकाश (Retirement) पछि सरकारले दिने राजनीतिक लाभका पद वा राज्यसभाको सिट पुरस्कार स्वरूप दिन नपाइने।

**पारदर्शिताः** पार्टी पूर्ण रूपमा आरटीआई (RTI) ऐन अन्तर्गत रहनेछ र यसले कुनै पनि अज्ञात चन्दा (Electoral Bonds) वा गुप्त 'ककरोच कियर्स फण्ड' स्वीकार गर्ने छैन।

**५०% महिला आरक्षणः** संसद र मन्त्रि मण्डलमा महिलाहरूका लागि सिधै ५० प्रतिशत सिट सुरक्षित गरिनुपर्ने।

**दलबदल विरोधी नियमः** स्वार्थका लागि पार्टी परिवर्तन गर्ने (हर्स ट्रेडिङ गर्ने) नेताहरूलाई २० वर्षसम्म चुनाव लड्न प्रतिबन्ध लगाइने।

**सञ्चारमाध्यमको शुद्धीकरणः** कर्पोरेट घरानाको इसारामा चल्ने र समाज भाँड्ने सञ्चारमाध्यमहरूको लाइसेन्स खारेज गरिने।

**सडकमा ओर्लिए 'ककरोच'हरू**

यो आन्दोलन केवल डिजिटल स्क्रिनमा मात्र सीमित छैन। गत सोमबार दिल्लीको कालिन्दी कुञ्ज घाटमा दर्जनौं युवाहरूले 'म ककरोच हुँ' लेखिएको प्लेकार्ड र साङ्लोको कस्ट्युम लगाएर प्रदूषित यमुना नदी सफा गरे। प्रणालीको खिल्ली उडाउन युवाहरूले रचनात्मक र शान्तिपूर्ण विरोधको यो तरिका अपनाएका हुन्, जसलाई तृणमूल कांग्रेस (TMC) का सांसद महुआ मोइत्रा र कीर्ति आजाद जस्ता स्थापित नेताहरूले समेत समर्थन गरेका छन्।

को हुन् मास्टरमाइन्ड अभिजित दिपके?

यो भाइरल अभियानका सूत्रधार अभिजित दिपके महाराष्ट्रको छत्रपति सम्भाजी नगर (औंरगावाद) का बासिन्दा हुन्। पुणेबाट पत्रकारिता पढेका दिपकेले केही वर्ष आम आदमी पार्टी (AAP) को सोसल मिडिया र कम्युनिकेसन टिममा रहेर काम गरेका थिए। सन् २०२० को दिल्ली चुनावमा 'आप' को डिजिटल र मिम क्याम्पेन (Meme Campaigns) बनाउन उनको ठूलो भूमिका थियो। हालै उनले अमेरिकाको प्रतिष्ठित बोस्टन युनिभर्सिटीबाट पब्लिक रिलेसन्स (PR) मा मास्टर्स डिग्री पूरा गरेका छन्।


सञ्चारमाध्यमहरूसँग कुरा गर्दै दिपकेले भनेका छन्, "म भ्रममा छैन, मलाई थाहा छ यो केही दिनमा सेलाउन सक्छ। तर यसले के देखाउँछ भने, भारतीय युवाहरू बेरोजगारी, महँगी र परीक्षाका पेपर लीक (NEET काण्ड) बाट यति दिक्क भइसकेका छन् कि उनीहरू प्रणालीविरुद्ध आफ्नो आक्रोश पोख्ने एउटा मञ्च खोजिरहेका थिए। म चाँडै भारत फर्किएर यसलाई एउटा बलियो दबाब समूहको रूपमा अगाडि बढाउनेछु।"

पछिल्लो समय नेपाल, श्रीलंका र बंगलादेशमा 'जेन-जी' (Gen–Z) अर्थात् युवा पुस्ताको आन्दोलनले सत्ता नै पल्टाएका उदाहरणहरू छन्। भारतमा भने युवाहरूले हिंसाको बाटो नजोगी 'व्यंग्य र मिम' लाई हतियार बनाएर प्रणालीलाई ऐना देखाएका छन्। ककरोच जनता पार्टीको यो लहर इन्टरनेटको क्षणिक बुद् बुद् मात्रै साबित हुनेछ वा सन् २०२९ को आम निर्वाचनअघि एउटा नयाँ राजनीतिक शक्तिको जग बन्नेछ, त्यो भने हेर्न बाँकी नै छ।

# ५० युनिटभन्दा बढी बिजुली खपतमा ५ प्रतिशत भ्याटः

## चौतर्फी विरोधबीच सरकार पछि नहट्ने, पूर्वाधार विकासमा रकम खर्चिने दाबी



> एकातिर सरकारले देशको कुल बिजुली उत्पादन ३० हजार मेगावाट पुऱ्याएर प्रति( व्यक्ति ऊर्जा खपत १५ सय युनिट पुऱ्याउने महत्वाकाङ्क्षी लक्ष्य राखेको छ भने अको 'तिर ५० युनिटभन्दा बढी खपतमा भ्याट लगाउने निर्णय गरेको छ।

**@ सुसिल आचार्य**

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्ताका लागि सहुलियत दरको मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने घोषणा गरेको छ। आगामी साउन १ गते देखि लागू हुने यो व्यवस्थाको चौतर्फी विरोध भइरहे पनि सरकारले भने यसबाट पछि नहट्ने स्पष्ट पारेको छ।

बजेट वक्तव्यको बुँदा नम्बर ६९ को 'स्वेच्छिक अनुपालन र करको दायरा विस्तार' अन्तर्गत मासिक ५० युनिटभन्दा बढी बिजुली खपत गर्ने अन्तिम तहका उपभोक्तालाई ५ प्रतिशत भ्याट लगाउने उल्लेख छ। नेपालमा सामान्यतया भ्याटको एकल दर १३ प्रतिशत भए तापनि बिजुलीको हकमा भने ५ प्रतिशत मात्र लाग्ने अर्थ मन्त्रालयले प्रष्ट पारेको छ।

### विद्युत् खपत बढाउने लक्ष्यमा धक्का पुग्ने भन्दै विरोध

एकातिर सरकारले देशको कुल बिजुली उत्पादन ३० हजार मेगावाट पुऱ्याएर प्रतिव्यक्ति ऊर्जा खपत १५ सय युनिट पुऱ्याउने महत्वाकाङ्क्षी लक्ष्य राखेको छ भने अर्कोतिर ५० युनिटभन्दा बढी खपतमा भ्याट लगाउने निर्णय गरेको छ। उपभोक्ता र सरोकारवालाहरूले सरकारको यो कदम विद्युत् खपत बढाउनेभन्दा पनि निरुत्साहित गर्ने खालको भएको भन्दै तीव्र विरोध गरिरहेका छन्।

### मध्यम वर्गलाई मात्र सामान्य प्रभावः ऊर्जामन्त्री

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले यो नीति करको दायरा विस्तार गर्ने राज्यको आधारभूत सिद्धान्त अन्तर्गत आएको र यसले वित्तीय सुशासन कायम गर्न सहयोग पुऱ्याउने बताएका छन्। बजारमा चर्चा गरिएजस्तो १३ प्रतिशत नभई ५ प्रतिशत मात्र कर लगाइएकाले उपभोक्तालाई ठूलो भार नपर्ने उनको तर्क छ।

मन्त्री श्रेष्ठका अनुसार, नेपाल विद्युत् प्राधिकरणका करिब ५६ लाख ग्राहकहरू मध्ये ग्रामीण क्षेत्रका २४ देखि २९ लाख

न्यून उपभोक्तालाई यसले छुने छैन । यसले ५० देखि १०० युनिटसम्म खपत गर्ने मध्यम वर्गका करिब १६ लाख ग्राहक लाई मात्र सामान्य प्रभाव पार्न सक्छ, जुन एकदमै ठूलो भार होइन । ग्राहकलाई अतिरिक्त आर्थिक व्ययभार नपर्ने गरी विकल्पहरू खोज्न मन्त्रालयले सुझाव समेत दिइसकेको उनले जानकारी दिए ।

“यस व्यवस्थाले प्राधिकरणको आयव्यय लाई पारदर्शी, उत्तरदायी र कानुनी दायरामा ल्याउन मद्दत गर्छ । करबाट उठेको रकम सामान्य हावाहुरी चल्दा पनि बत्ती जाने समस्या समाधान गर्न, गुणस्तरीय पूर्वाधार निर्माण र प्रसारण लाइनको स्तरोन्नतिका लागि खर्च गरिनेछ ।”

**– विराजभक्त श्रेष्ठ, ऊर्जामन्त्री**

**प्रधानमन्त्री र अर्थमन्त्रीद्वारा करको बचाउ**

प्रतिनिधि सभाको बैठकमा बोल्दै प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले बिजुलीमा भ्याट लगाउने सरकारको कदमको दृढ समर्थन गरेका छन् । उनले करको मात्रा निकै कम भएको स्पष्ट पार्दै यसरी संकलन हुने रकम ऊर्जा क्षेत्रकै संरचना र पूर्वाधार विकासमा परिचालन गरिने जानकारी दिए ।

त्यस्तै, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पनि विभिन्न औपचारिक कार्यक्रमहरूमा बिजुलीमा लगाइएको भ्याटबाट सरकार पछि नहट्ने स्पष्ट पारेका छन् । अर्बौं-खर्बौं लगानी भएको ऊर्जा क्षेत्रलाई करको दायरामा ल्याउनु आवश्यक रहेको भन्दै उनले यस व्यवस्था बाट सर्वसाधारण उपभोक्तालाई महँगीको मार नपर्ने दाबी गरे ।

चौतर्फी आलोचना र संसद् मा प्रतिपक्षको अवरोधका बीच सरकारले राजस्व संकलन र विद्युत् प्राधिकरणको पारदर्शिताका लागि यो कर प्रणाली साउन १ गतेबाटै अनिवार्य लागू गर्ने अडान कायम राखेको छ ।




# इरान-अमेरिका तनाव अपडेट:

## दुवै पक्षबीच आक्रामक प्रहार, तर ६० दिने युद्धविराम थपको मस्यौदा तयार, ट्रम्पको स्वीकृतिको पर्खाइ




@सुसिल आचार्य

**सैन्य स्तरमा दुवै देशले एकअर्काका ठेगानामा 'जवाफी कारबाही' गरे पनि पर्दापछाडि कूटनीतिक प्रयास र नयाँ युद्धविरामको खाका तय भइरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।**

बन्दर अब्बास सैन्य क्षेत्रमा अमेरिकी हमलापछि इरान र अमेरिका बीचको विवाद थप हिंस्रक र जटिल बनेको छ । सैन्य स्तरमा दुवै देशले एकअर्काका ठेगानामा 'जवाफी कारबाही' गरे पनि पर्दापछाडि कूटनीतिक प्रयास र नयाँ युद्धविरामको खाका तय भइरहेको अन्त र्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन् ।

**१. सैन्य टक्कर: इरानद्वारा कुवेतस्थित अमेरिकी बेसमा आक्रमणको प्रयास**

अमेरिकी सेनाले बन्दर अब्बास नजिकै इरानी ड्रोन नियन्त्रण केन्द्र ध्वस्त पारेपछि इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (IRGC) ले तुरुन्तै जवाफी हमला गरेको छ ।

**कुवेतमा मिसाइल प्रहार:** इरानले कुवेत स्थित अमेरिकी वायुसेनाको बेस (जहाँबाट अमेरिकाले बन्दर अब्बासमा बमबारी गरेको दाबी गरिएको छ) लाई निशाना बनाई ब्यालिस्टिक मिसाइल प्रहार गरेको थियो ।

**अमेरिकी प्रतिक्रिया:** अमेरिकी सेन्ट्रल कमान्ड (CENTCOM) का अनुसार कुवेती रक्षा प्रणालीले उक्त इरानी मिसाइललाई आकाशमै सफलतापूर्वक विफल पारेको छ। अमेरिकाले यसलाई इरानद्वारा गरिएको "गम्भीर युद्धविराम उल्लङ्घन" को संज्ञा दिएको छ ।

**इरानको चेतावनी:** IRGC ले अमेरिकी हमला पुनः दोहोरिएमा योभन्दा कडा र निर्णायक जवाफ दिने चेतावनी दिएको छ।

**२. कूटनीतिक प्रयास: ६० दिने युद्धविराम थपको मस्यौदा (MoU) तयार**

सैन्य मुठभेडका बाबजुद दुवै देशका वार्ताकारहरू एक सम्झौताको खाकामा पुग्न सफल भएका छन् ।

**६० दिने युद्धविराम थप:** अमेरिका र इरानी वार्ताकारहरूले ६० दिनका लागि युद्धविराम थप गर्ने (Ceasefire Extension) समझदारी पत्र (MoU) को मस्यौदा तयार पारेका छन् ।

**ट्रम्पको निर्णय पर्खिँदै:** यो मस्यौदा (Draft) लाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अनुमोदन गर्न बाँकी छ । ट्रम्पले यो ड्राफ्टलाई इजरायल लगायतका आफ्ना सहयोगी राष्ट्रहरूमाझ पनि सर्कुलेट गरेका छन् । मस्यौदाका मुख्य बुँदाहरूमा हर्मुज जलडमरूलाई व्यापारिक जहाजका लागि खुला गर्ने, इरानी बन्दरगाहमाथिको अमेरिकी नाकाबन्दी हटाउने र इरानको रोक्का रहेको १२ अर्ब डलर बराबरको सम्पत्ति फुकुवा गर्ने उल्लेख छ ।

**मध्यस्थताका लागि पाकिस्तानका विदेशमन्त्री वासिङ्टन जाँदै:** वार्तालाई थप गति दिन र बाँकी असमझदारी हल गर्न पाकिस्तानका विदेशमन्त्री मोहम्मद इसहाक दार शुक्रबार वासिङ्टन उड्दै छन्, जहाँ उनले अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग भेटवार्ता गर्ने तय भएको छ ।

**३. अमेरिकाको थप आर्थिक र हवाई प्रतिबन्ध**

वार्ता चलिरहेकै समयमा अमेरिकाले इरानमाथि आर्थिक दबाब अझ बढाएको छ:

**हर्मुज महशुलमा प्रतिबन्ध:** इरानले हर्मुज जलडमरू पारगर्ने जहाजहरूबाट अवैध

बाँकी पेज २५ मा...




# बजेट अधिवेशनमा अभूतपूर्व संकटः

## प्रधानमन्त्रीको सीमा अभिव्यक्ति र अर्थमन्त्रीको कर हेरफेर विवादले संसद ठप्प

**@सुनिल के.सी.**

> बजेट अधिवेशनमा अभूतपूर्व संकटः प्रधानमन्त्रीको 'सीमा अभिव्यक्ति' र अर्थमन्त्रीको 'कर हेरफेर' विवादले संसद् ठप्प राजनीतिक इतिहासमै विरलै देखिने दृश्यहरू यतिबेला संघीय संसद्मा मञ्चन भइरहेका छन् ।

बजेट अधिवेशनमा अभूतपूर्व संकटः प्रधानमन्त्रीको 'सीमा अभिव्यक्ति' र अर्थमन्त्रीको 'कर हेरफेर' विवादले संसद् ठप्प राजनीतिक इतिहासमै विरलै देखिने दृश्यहरू यतिबेला सङ्घीय संसद्मा मञ्चन भइरहेका छन् । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमाथि सौहार्दपूर्ण छलफल हुनुपर्ने संसद्को रोस्ट्रम यतिबेला आक्रोश, अवरोध र छानबिनको मागले तातिएको छ। एकातिर प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहको सीमासम्बन्धी विवादित अभिव्यक्ति र अर्कोतिर अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा पेस गरेको आर्थिक विधेयकमा अनाधिकृत रूपमा करका दर हेरफेर गरेको गम्भीर आरोप । यी दुईवटा विषयको चक्रव्यूहमा परेर प्रतिनिधि सभाको बैठक विगत एक हप्तादेखि नियमित कार्यसूचीमा प्रवेश गर्नै नसकी लगातार स्थगित भइरहेको छ ।

**१. प्रधानमन्त्रीको अभिव्यक्तिमा प्रमाणको खोजीः** हर्क साम्पाङको गर्जनविवादको मुख्य जड प्रधानमन्त्री बालेन शाहले संसद्मै दिएको एउटा अभिव्यक्ति बनेको छ, जहाँ उनले "नेपालले पनि भारतको सीमा मिचेको" आशयको कुरा राखेका थिए । राष्ट्रियता जस्तो संवेदनशील विषयमा देशको कार्यकारी प्रमुखले दिएको यो बयानलाई प्रतिपक्षले रणनीतिक हतियार बनाएको छ। श्रम संस्कृति पार्टीका अध्यक्ष एवं प्रतिनिधि सभा सदस्य हर्क साम्पाङले संसद्मा कडा रूपमा उभिएर प्रधानमन्त्रीसँग सोभ्रो प्रमाण माग गरेका छन्। सांसद साम्पाङले आक्रोश पोख्दै भनेः "नेपालले भारतको सीमा कहाँ-कहाँ मिचेको रहेछ, प्रधानमन्त्रीले तत्काल सदनमा उपस्थित भएर त्यसको तथ्य र प्रमाण पेस गर्नुपर्छ । यदि प्रमाण छैन भने, विनातथ्य बोलेको गल्ती स्वीकार गर्दै संसद् र जनतासँग माफी माग्नुपर्छ र उक्त अभिव्यक्ति रेकर्डबाट हटाउनुपर्छ। "संसद् अवरुद्ध भएको यतिका दिन बितिसक्दा

पनि प्रधानमन्त्रीले एउटा वक्तव्यसम्म जारी नगर्नु र सदनमा आउने छाँटकाँट समेत नदेखाउनु गैरजिम्मेवारीको पराकाष्ठा भएको साम्पाङको आरोप छ ।

**२. 'बजेट सूचना लिक र कर हेरफेर':** ज्ञानबहादुर शाहीद्वारा छानबिनको माग सीमा विवादको आगो दन्किरहेकै बेला संसद्मा अर्को भयानक आर्थिक अनियमितताको बम विष्फोट भएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का संसदीय दलका नेता ज्ञानबहादुर शाहीले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेमाथि बजेटको सूचना चुहाएर 'स्वार्थको द्वन्द्व' (कन्फ्लिट अफ इन्ट्रेस्ट) निम्त्याएको गम्भीर आरोप लगाएका छन् । सांसद शाहीले बजेट निर्माणको गोपनीयता र संसद्को सार्वभौमिकतामाथि प्रश्न उठाउँदै भने: "बजेटका करका दरहरू हेरफेर गर्ने अधिकार अर्थमन्त्री र उनले तोकेका सीमित व्यक्तिबाहेक सचिवलाई समेत थाहा हुँदैन । तर यहाँ बजेटको सूचना पहिले नै 'लिक' गराएर कोरला नाकाबाट धमाधम गाडीहरू भित्र्याइएका छन् । यो नीतिगत भ्रष्टाचार र कन्फ्लिट अफ इन्ट्रेस्ट नभए के हो? यसको जवाफ अर्थमन्त्रीले दिनैपर्छ । "शाहीले यस वित्तीय अपराधको ढाकछोप हुन नदिन तत्काल संसदीय छानबिन समिति गठन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन् ।

**३. आर्थिक विधेयकको १६ पाना गायब!** नेकपा एमालेकी संसदीय दलकी उपनेता पद्मा अर्यालले संसद्मा पेस भएको आधिकारिक आर्थिक विधेयकको रूपरेखा नै बदलिएको सनसनीपूर्ण दाबी गरेकी छन् । अर्यालका अनुसार संसद्मा दर्ता भएको विधेयकको १६ पृष्ठ गायब पारेर करका दरहरू र राजस्वका नीतिहरूमा पर्दा पछाडिबाट चलखेल गरिएको छ । एमाले र राप्रपालगायतका विपक्षी दलहरूले बजेट सार्वजनिक हुनु अगावै वा पेस भइसकेपछि सेटिङका आधारमा करका दर चलाउनुलाई राष्ट्रघाती कदमको संज्ञा दिएका छन् । मन्त्रालयको वेबसाइट र संसद्को आधिकारिक दस्तावेजमा करका दरहरू फरक-फरक देखिनुले पनि प्रतिपक्षको आशङ्कालाई बल पुऱ्याएको छ ।

**४. सत्तापक्षको बचाउ र अन्योलको निकासयता,** सर्वदलीय बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले प्रधानमन्त्री तत्काल संसद्मा नआउने बरु उनको तर्फबाट परराष्ट्रमन्त्री शिशिर खनालले जवाफ दिने प्रस्ताव राखेका थिए । आवश्यक परे आफू स्वयं पनि जवाफ दिन तयार रहेको लामिछानेको भनाइ थियो, जसलाई प्रतिपक्षले 'सदन छल्ने बहाना' भन्दै सिधै अस्वीकार गरिदिएको छ।विपक्षी दलहरूको लगातारको नाराबाजी र अवरोधपछि सभामुख डिपि अर्यालले प्रतिनिधि सभाको बैठक १५ मिनेटका लागि स्थगित गर्न बाध्य भएका थिए, जुन पछि सूचना टाँसेरै सारियो । विवादको मुख्य केन्द्र प्रतिपक्षको प्रमुख माग सरकारको प्रस्तावित विकल्प प्रधानमन्त्री बालेन शाहको सीमा अभिव्यक्ति संसद्मा उपस्थित भई प्रमाण पेस गर्ने वा माफी मागेर रेकर्डबाट हटाउने । परराष्ट्रमन्त्री शिशिर खनाल वा रास्वपा सभापति रवि लामिछानेले जवाफ दिने। अर्थमन्त्री स्वर्णिम वाग्लेको कर हेरफेर विधेयकको १६ पाना गायब पारिएको र सूचना लिक भएकोमा संसदीय छानबिन समिति गठन।करको दायरा विस्तार गर्न ल्याइएको नीति भन्दै बचाउ, छानबिन अस्वीकार ।

**निष्कर्ष:** बजेट नै संकटमायो द्वन्द्वले देशको अर्थतन्त्रको मेरुदण्ड मानिने 'विनियोजन विधेयक, २०८३', 'राष्ट्र ऋण उठाउने विधेयक, २०८३' र 'नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, २०८३' जस्ता संवेदनशील कानुनहरूमाथिको छलफललाई ठप्प पारिदिएको छ। सामान्य किसान र मजदुरले नभई सत्ता र शक्तिको माथिल्लो तहमा रहेकाहरूले नै देशलाई अनिर्णयको बन्दी बनाएको आम आक्रोश संसद्मा प्रतिध्वनित भइरहेको छ । यदि सरकारले यी दुई गम्भीर राष्ट्रिय र आर्थिक सवालमा पारदर्शी जवाफ वा संसदीय छानबिनको बाटो रोजेन भने यो बजेट अधिवेशन इतिहासकै सबैभन्दा असफल र मुठभेडपूर्ण बन्ने निश्चित छ ।

## इरान अमेरीका तनाव.... बाँकी

रूपमा लाखौ डलर टोल' (महशुल) असुल गर्न 'पर्शियन गल्फ स्ट्रेट अथोरिटी' गठन गरेपछि अमेरिकी वित्त मन्त्रालयले उक्त निकायमाथि प्रतिबन्ध लगाएको छ। अमेरिकाले ओमान लगायतका क्षेत्रीय देशहरूलाई यो प्रणालीमा इरानलाई सहयोग नगर्न चेतावनी दिएको छ ।

**इरानी एयरलाइन्समाथि रोक:** अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टका अनुसार इरानी एयरलाइन्सहरूलाई विश्वका प्रमुख विमानस्थलहरूमा अवतरण गर्न, इन्धन भर्न र टिकट बिक्री गर्नमा रोक लगाउने गरी कडा कदम चालिएको छ ।

**४. विश्व बजारमा तेलको मूल्य थप चुलियो**

बुधबार र बिहीबार भएका यी सैन्य भिडन्त र कडा प्रतिबन्धका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल (Brent Crude) को मूल्य २ प्रतिशतभन्दा बढीले वृद्धि भई प्रति ब्यारल ९७ डलर नजिक पुगेको छ। हर्मुज जलमार्ग पूर्ण रूपमा सुचारु नहुँदा विश्वव्यापी ऊर्जा आपूर्तिमा गम्भीर असर परिरहेको छ ।




# एसियन गेम्स छनोटको फाइनलमा हङकङलाई हराउँदै नेपाल बन्यो च्याम्पियन, कुशल भुर्तेलको सानदार ब्याटिङ

@ सुनिल महत

सिङ्गापुरमा जारी एसियन गेम्स २०२६ को पुरुष क्रिकेट छनोट प्रतियोगिताको उपाधि नेपालले जितेको छ। सिङ्गापुरको सिङ्गा ओभल मैदानमा भएको फाइनल भिडन्तमा हङकङलाई डकवर्थ लुइस (डीएल) पद्धतिअनुसार १९ रनले पराजित गर्दै नेपाल च्याम्पियन बनेको हो। यस उपाधिसँगै नेपाल प्रतियोगिता भरि अपराजित रहँदै च्याम्पियन बन्न सफल भएको छ ।

**हङकङको बलियो योगफलः अन्सुमनको आक्रामक ८० रन**

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १८८ रनको बलियो योगफल खडा गरेको थियो । हङकङका लागि ओपनर ब्याटर अन्सुमन राथले सर्वाधिक ८० रनको आक्रामक पारी खेले। उनले मात्र ४५ बलको सामना गर्दै समान ६ चौका र ६ छक्का प्रहार गरे ।

सुरुवाती दुई विकेट सस्तैमा गुमाएको हङकङका लागि अन्सुमनले एकतर्फबाट इनिङ्स सम्हालेका थिए। उनले तेस्रो विकेटका लागि शिव माथुर (२६ रन) सँग ४८ रनको र चौथो विकेटका लागि विकेटकिपर ब्याटर साहिद वासिफसँग ८४ रनको महत्त्वपूर्ण साझेदारी गरे । वासिफले ५५ रनको अर्धशतकीय पारी खेले । त्यसपछिका ब्याटरहरूले भने दोहोरो अङ्क छुन सकेनन् ।

नेपालका लागि बलिङतर्फ स्पिनर शेर मल्लले घातक बलिङ गर्दै सर्वाधिक ४ विकेट लिए । त्यस्तै, करण केसीले २ र सन्दीप लामिछानेले १ विकेट झारे ।

**नेपालको जवाफी ब्याटिङ र वर्षाको अवरोध**

हङकङले दिएको १८९ रनको विशाल विजयी लक्ष्य पछ्याएको नेपालले सुरुदेखि नै आक्रामक ब्याटिङ गर्‍यो। नेपालले ११.३ ओभरमा २ विकेटको क्षतिमा ११४ रन बनाएको अवस्थामा भारी वर्षा भएपछि खेल रोकिएको थियो । त्यसपछि खेल सम्भव नभएपछि डीएल पद्धतिका आधारमा नेपाललाई १९ रनले विजयी घोषित गरियो ।

नेपालको जितमा ओपनर कुशल भुर्तेल नायक बने । उनले ४० बलमा ८ चौका र ३ छक्काको मद्दतले सर्वाधिक ६५ रनको सानदार इनिङ्स खेले। खेल रोकिँदासम्म कप्तान रोहित कुमार पौडेल ३५ रन र कप्तान दिपेन्द्र सिंह ऐरी ९ रनमा अविजित थिए । हङकङका लागि आयुष शुक्ला र इशान खानले १-१ विकेट लिए ।

**कप्तान दिपेन्द्रको १०० औं खेलमा ऐतिहासिक उपाधि**

यो फाइनल खेल नेपाली टोलीका कप्तान दिपेन्द्र सिंह ऐरीका लागि व्यक्तिगत रूपमा पनि ऐतिहासिक रह्यो । उनको यो १०० औं टी-२० अन्तर्राष्ट्रिय खेल हो । आफ्नो १०० औं खेलमा टोलीलाई कप्तानी गर्दै अपराजित रूपमा एसियन गेम्स छनोटको उपाधि दिलाएर दिपेन्द्रले यस खेललाई थप यादगार बनाएका छन् । नेपाल र हङकङ दुवै टोली यसअघि नै एसियन गेम्सका लागि छनोट भइसकेका छन् ।

# शिवलिङ्गको ऊर्जा धुरी :
## विज्ञान, प्रतीक र आध्यात्मिकताको संगम

@ सन्दिप मल्ल ठकुरी

मानव सभ्यताले हजारौँ वर्ष देखि प्रकृति, ब्रह्माण्ड र चेतनाको रहस्य बुझ्न विभिन्न प्रतीकहरूको प्रयोग गर्दै आएको छ । हिन्दू दर्शनमा शिवलिङ्ग त्यस्तै एक महत्वपूर्ण प्रतीक हो, जसलाई केवल धार्मिक आस्थाको विषय मात्र नभई ऊर्जा, सन्तुलन र सृष्टिको दार्शनिक प्रतिनिधित्वका रूपमा पनि हेरिन्छ । आधुनिक समयका केही अनुसन्धानकर्ता र चिन्तकहरूले शिवलिङ्गको संरचनालाई ऊर्जा प्रवाह, कम्पन (Vibration), अनुनाद (Resonance) तथा प्राकृतिक सममिति (Symmetry) सँग जोडेर व्याख्या गर्ने प्रयास गरेका छन् ।

**ऊर्जा धुरीको अवधारणा**

शिवलिङ्गको ठाडो भागलाई ऊर्जा धुरी (Energy Axis) को प्रतीक मानिन्छ । यसले पृथ्वीबाट आकाशतर्फ उन्मुख ऊर्जा प्रवाहलाई जनाउने विश्वास छ । यसको आधार भाग (योनि) ले स्थिरता, सन्तुलन र ऊर्जा धारण गर्ने क्षमतालाई प्रतिनिधित्व गर्छ । यसरी शिवलिङ्गको सम्पूर्ण संरचनाले स्थिरता र गतिशीलताको अद्भुत समन्वय प्रस्तुत गर्छ ।

दार्शनिक रूपमा शिवलाई शुद्ध चेतना र शक्तिलाई गतिशील ऊर्जा मानिन्छ । शिवलिङ्गमा यी दुई तत्त्वको एकता अभिव्यक्त भएको विश्वास गरिन्छ । यसैले यो केवल मूर्ति नभई चेतना र ऊर्जाको एकीकृत प्रतीकका रूपमा पनि व्याख्या गरिन्छ ।


**भौतिक विज्ञानसँगको समानता**

भौतिक विज्ञानको दृष्टिले हेर्दा शिवलिङ्गको ठाडो आकृति र गोलाकार आधारले केही रोचक समानताहरू प्रस्तुत गर्छ । उदाहरणका लागि, चुम्बकीय क्षेत्र (Magnetic Field) मा देखिने बलरेखा, केन्द्रबाट फैलिने तरंगहरू, वा कुनै अक्ष वरिपरि घुम्ने प्रणालीसँग यसको संरचनात्मक समानता देख्न सकिन्छ ।

यद्यपि शिवलिङ्ग वास्तवमै कुनै वैज्ञानिक उपकरण हो भन्ने प्रमाणित वैज्ञानिक निष्कर्ष हालसम्म उपलब्ध छैन । तर यसको आकार र संरचनाले ऊर्जा, सन्तुलन र केन्द्रित शक्तिको प्रतीकात्मक सन्देश भने अवश्य दिन्छ ।

**कम्पन र अनुनादको महत्व**

हिन्दू परम्परामा मन्त्रजप, घण्टीको ध्वनि, शंखनाद तथा भजन-कीर्तनलाई विशेष महत्व दिइन्छ । यी सबै ध्वनिहरू कम्पनका स्वरूप हुन् । जब कुनै स्थानमा नियमित ध्वनि उत्पन्न हुन्छ, त्यहाँ अनुनाद (Resonance) को अवस्था सिर्जना हुन सक्छ । मन्दिरहरूमा हुने मन्त्र उच्चारण र ध्वनि तरंगहरूले भक्तजनकोलाई एकाग्र





# नेपाल-भारत कूटनीतिक सक्रियताः

## भाषण होइन, नतिजामूलक काममा परराष्ट्रमन्त्री खनालको जोड

अजय श्रेष्ठ

“सीमा विवादजस्ता वर्षौंदेखिका जटिल समस्याहरूका बारेमा मन्त्री खनालले नेपाल सरकार ती समस्याहरूलाई जिम्मेवार र कूटनीतिक तवरले समाधान गर्न सक्षम रहेको बताए। उनले यस्ता संवेदनशील विषयहरूलाई अनावश्यक रूपमा आन्तरिक राजनीतिको हतियार बनाउन नहुनेमा जोड दिए।

नेपाल र भारतबीचको द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यले पछिल्ला दिनहरूमा उच्चस्तरीय कूटनीतिक सक्रियता बढेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको भारत भ्रमण र त्यसलगत्तै परराष्ट्रमन्त्री शिशिर खनालको तीनदिने औपचारिक भारत भ्रमणले दुई छिमेकी राष्ट्रबीचको सम्बन्धमा ‘नयाँ अध्याय’को संकेत गरेको छ ।

**‘भाषणको राजनीति होइन, राष्ट्रिय हितमा काम’**

भारत भ्रमणबाट फर्किएपछि काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्री शिशिर खनालले नेपालको विदेश नीति अब ‘भाषण’ मा नभई ‘नतिजा’ (Result–oriented) मा केन्द्रित हुनुपर्ने बताए ।

उनले स्पष्ट पार्दै भने, “नेपालमा अब भाषण गर्ने राजनीतिभन्दा काम गर्ने राजनीतिको आवश्यकता छ । हामीले राष्ट्रिय हित र आर्थिक रूपान्तरणलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्छ । कुनै एक विचारधाराको आधारमा नभई राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर सम्बन्ध विकास गर्नुपर्छ ।”

सीमा विवादजस्ता वर्षौंदेखिका जटिल समस्याहरूका बारेमा मन्त्री खनालले नेपाल सरकार ती समस्याहरूलाई जिम्मेवार र कूटनीतिक तवरले समाधान गर्न सक्षम रहेको बताए । उनले यस्ता संवेदनशील विषयहरूलाई अनावश्यक रूपमा आन्तरिक राजनीतिको हतियार बनाउन नहुनेमा जोड दिए ।

**रवि लामिछानेको भ्रमण र नयाँ राजनीतिक सन्देश**

परराष्ट्रमन्त्री खनालको भ्रमण हुनुअघि रास्वपा सभापति रवि लामिछानेले गरेको पाँचदिने भारत भ्रमणले पनि निकै चर्चा

पाएको थियो । भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा नयाँ दिल्ली पुगेका लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र विदेशमन्त्री एस. जयशंकरसँग उच्चस्तरीय भेटवार्ता गरेका थिए ।

विश्लेषकहरूका अनुसार, लामिछानेको भ्रमण र लगत्तै परराष्ट्रमन्त्री खनालको औपचारिक भ्रमणले नेपालको नयाँ राजनीतिक नेतृत्वसँग भारतले सुमधुर र कार्यमूलक सम्बन्ध स्थापना गर्न चाहेको स्पष्ट पारेको छ ।

**भ्रमणका मुख्य उपलब्धहरू**

परराष्ट्रमन्त्री खनालको भ्रमणका क्रममा दुई देशबीच विभिन्न महत्वपूर्ण सहमति र परियोजनाहरूको सहजीकरण भएको छः

**डिजिटल र वित्तीय कनेक्टिभिटीः** नेपालको 'नेशनल पेमेन्ट्स इन्टरफेस' (NPI) र भारतको 'युनिफाइड पेमेन्ट्स इन्टरफेस' (UPI) को एकीकरण गरिएको छ, जसले दुई देशबीचको रेमिट्यान्स र आर्थिक कारोबारलाई थप सहज बनाउनेछ ।

**पूर्वाधार हस्तान्तरणः** भूकम्पपछिको पुनः निर्माणअन्तर्गत भारतद्वारा निर्मित ७२ वटा स्वास्थ्य संस्था र १२ वटा सांस्कृतिक सम्पदाका परियोजनाहरू नेपाललाई औपचारिक रूपमा हस्तान्तरण गरिएका छन् ।

**कानुनी सहयोगः** दुई देशबीच सीमापार अपराध नियन्त्रणका लागि 'म्युचुअल लिगल असिस्टेन्स एग्रिमेन्ट' (MLAA) कार्यान्वयन गर्ने प्रक्रिया पूरा भएको छ ।

**प्राविधिक सहकार्यः** काठमाडौं विश्वविद्यालय र डिजिटल इन्डिया भाषिणी बीच प्रविधि र भाषा अनुवाद क्षेत्रमा सहकार्य गर्ने समझदारी भएको छ ।

**भविष्यको दिशा**

परराष्ट्रमन्त्री खनालले अन्तर्राष्ट्रिय मुद्दालाई आन्तरिक राजनीतिमा नतानी परिपक्व कूटनीति अपनाउने संकेत गरेसँगै नेपालको विदेश नीतिमा एक नयाँ 'प्र्याग्मेटिक' (व्यवहारिक) मोड देखिएको छ । 'छिमेकी पहिलो' नीति अन्तर्गत भारतसँगको सम्बन्धलाई थप सुदृढ बनाउने र विकासका परियोजनाहरूलाई तीव्रता दिने दुवै पक्षको पछिल्लो कदमले आगामी दिनमा नेपाल-भारत सम्बन्ध थप गतिशील हुने अपेक्षा गरिएको छ ।

**बाँकी.....**

## शिवलिङ्गको ऊर्जा धुरी

बनाउन सहयोग पुऱ्याउने विश्वास गरिन्छ। आधुनिक मनोविज्ञानले पनि नियमित ध्वनि, ध्यान र श्वास नियन्त्रणले मानसिक शान्ति तथा तनाव नियन्त्रणमा सकारात्मक प्रभाव पार्न सक्ने देखाएको छ ।

**प्रकृतिका ऊर्जा अक्षहरू**

ब्रह्माण्डका धेरै संरचनाहरू कुनै न कुनै केन्द्र वा अक्ष वरिपरि व्यवस्थित देखिन्छन् । पृथ्वी आफ्नो अक्षमा घुम्छ, आकाशगंगाहरूको पनि घूर्णन केन्द्र हुन्छ, र परमाणु स्तरमा समेत निश्चित संरचनात्मक केन्द्रहरू पाइन्छन् । यही आधारमा केही चिन्तकहरूले शिवलिङ्गलाई ब्रह्माण्डीय ऊर्जा अक्षको प्रतीकात्मक रूप मानेका छन् ।

यस दृष्टिकोणले शिवलिङ्गलाई केवल धार्मिक वस्तु नभई प्रकृतिको सार्वभौमिक नियमहरू सम्झाउने प्रतीकका रूपमा प्रस्तुत गर्छ ।

**आध्यात्मिक सन्देश**

शिवलिङ्गको मूल सन्देश सन्तुलन हो। चेतना र ऊर्जा, स्थिरता र गति, ध्यान र कर्मबीचको समन्वय नै जीवनको आधार हो भन्ने दर्शन यसमा समेटिएको छ । यही सन्तुलनले सृष्टि, संरक्षण र रूपान्तरणको निरन्तर चक्रलाई अघि बढाउँछ ।

आजको व्यस्त र तनावपूर्ण जीवनमा शिवलिङ्गको प्रतीकात्मक अर्थले हामीलाई भित्री शान्ति, मानसिक एकाग्रता र जीवनमा सन्तुलन कायम राख्न प्रेरणा दिन सक्छ ।

**निष्कर्ष**

शिवलिङ्गलाई कसैले धार्मिक आस्थाको केन्द्रका रूपमा हेर्छन् भने कसैले ऊर्जा र चेतनाको दार्शनिक प्रतीकका रूपमा । वैज्ञानिक दृष्टिले यसको आध्यात्मिक दाबीहरू प्रमाणित भइसकेका छैनन्, तर यसको संरचना, प्रतीकवाद र सांस्कृतिक महत्वले मानव सभ्यताको गहिरो चिन्तन परम्परालाई अवश्य प्रतिबिम्बित गर्छ। त्यसैले शिवलिङ्ग केवल पूजा गर्ने वस्तु मात्र नभई मानव चेतना, प्रकृति र ब्रह्माण्डबीचको सम्बन्ध बुझ्ने एउटा शक्तिशाली सांस्कृतिक प्रतीक पनि हो ।




# 'रोड टु युएफसी' को सेमिफाइनलमा पुगे 'बझाङ्गी बाघ' रवीन्द्र धन्त, रचे ऐतिहासिक कीर्तिमान

@ एस्. आचार्य

काठमाडौं ।

नेपाली मिक्स्ड मार्सल आर्ट्स (MMA) का चर्चित फाइटर रवीन्द्र धन्तले मकाउमा जारी 'रोड टु युएफसी' (Road to UFC) सिजन ५ मा ऐतिहासिक जित दर्ता गरेका छन् । बिहीबार (२८ मे २०२६) मा भएको बान्टमवेट विधाको क्वार्टरफाइनल खेलमा फिलिपिन्सका फाइटर किम्बर्ट अलिन्तो जोनलाई शानदार प्राविधिक नकआउट (TKO) गर्दै धन्त सेमिफाइनलमा प्रवेश गरेका हुन् ।

यो जितसँगै 'बझाङ्गी बाघ' को उपनामले चिनिने २७ वर्षीय रवीन्द्र 'रोड टु युएफसी' को मञ्चमा जित निकाल्ने र सेमिफाइनल यात्रा तय गर्ने पहिलो नेपाली फाइटर बनेका छन् ।

**दोस्रो राउन्डमा मुक्काको वर्षा, विपक्षी ढले**

चीनको मकाउस्थित ग्यालेक्सी एरेनामा भएको भिडन्तको पहिलो राउन्ड केही संघर्षपूर्ण रहे पनि दोस्रो राउन्डमा रवीन्द्रले पूर्ण रूपमा खेल आफ्नो नियन्त्रणमा लिएका थिए । पिँजडा (Cage) को फाइटिङमा आफ्नो शारीरिक शक्तिको भरपुर फाइदा उठाउँदै उनले विपक्षीलाई मैदानमा ढाले (Ground Game)।

दोस्रो राउन्डको ४ मिनेट ३७ सेकेन्डमा माउन्ट पोजिसनबाट रवीन्द्रले लगातार शक्तिशाली मुक्काहरूको वर्षा गरेपछि रेफ्रीले खेल रोक्दै धन्तलाई विजेता घोषित गरेका थिए ।

अन्तिम समयमा बदलिएका थिए विपक्षीः रवीन्द्रले यस खेलका लागि अर्कै फाइटर (म्याटी इयान) सँग अभ्यास गरिरहेका थिए, तर खेलको केही समयअघि मात्र घुट्नेको चोटका कारण इयान बाहिरिएपछि किम्बर्ट अलिन्तोजोनलाई नयाँ प्रतिद्वन्द्वीका रूपमा भित्र्याइएको थियो । विपक्षी बदलिए पनि धन्तले रिङभित्र आफ्नो उत्कृष्ट प्रदर्शनलाई कायम राखे ।

**व्यावसायिक करियरमा १०औँ जित**

यो जितसँगै रवीन्द्र धन्तको व्यावसायिक एमएमए (MMA) रेकर्ड १०-१ (१० जित, १ हार) पुगेको छ । सुदूरपश्चिमको बझाङमा जन्मिएर प्रारम्भिक दिनमा कडा श्रम र संघर्ष गर्दै नेपाली एमएमएको शीर्ष स्थानसम्म आइपुगेका रवीन्द्रले यसअघि सन् २०२५ मा भारतको प्रख्यात 'म्याट्रिक्स फाइट नाइट' (MFN) को बान्टमवेट च्याम्पियन बनेर इतिहास रचिसकेका छन्। विश्वकै सबैभन्दा ठूलो र प्रतिष्ठित एमए( मए महासङ्घ UFC मा सम्झौता सुरक्षित गर्नका लागि 'रोड टु युएफसी' प्रतियोगिता एउटा मुख्य बाटो हो । सेमिफाइनलमा पुगेका रवीन्द्र अब युएफसीको आधिकारिक सम्झौता पाउनबाट मात्र दुई कदम टाढा छन् । उनको यो ऐतिहासिक सफलताले नेपाली खेलकुद क्षेत्रमै एउटा नयाँ उत्साह थपेको छ ।

# विश्वकप फुटबल २०२६ :
## इतिहास रच्ने दाउमा मैदान उत्रिँदै यी १० बहुप्रतीक्षित खेलाडी

@ जिवन आचार्य

इतिहासमा आफ्नो नाम सुनौलो अक्षरले लेखाउन र विश्व फुटबलमा आफ्नो वर्चस्व स्थापित गर्नका लागि फिफा विश्वकप जति ठुलो मञ्च अरू हुन सक्दैन । यही कारणले पनि हरेक खेलाडीले विश्वकपमा आफ्नो सम्पूर्ण शक्ति र कला प्रदर्शन गर्ने गर्छन् । उत्तर अमेरिकामा आयोजना हुन गइरहेको 'विश्वकप फुटबल-२०२६' मा पनि केही स्थापित तथा उदाउँदा चर्चित खेलाडीले फुटबल इतिहासको 'महान्' सूचीमा आफ्नो नाम सुरक्षित गर्न भरमग्दुर प्रयास गर्ने निश्चित छ । यस पटकको विश्वकपमा विश्वभरका खेल प्रेमीहरूको नजर रहने सर्वाधिक १० हेर्नलायक खेलाडीहरूको विवरण निम्नानुसार रहेको छः

**१. लियोनेल मेसी** (अर्जेन्टिना) लियोनेल मेसीले चार वर्षअघि कतारमा अर्जेन्टिनालाई विश्वकप जिताउँदै आफ्नो खेल जीवनको सबभन्दा ठुलो सपना पुरा गर्नुभयो । मेसीले विश्वकप ट्रफीका लागि १८ वर्ष पर्खनुभएको थियो । कतार विश्वकपलाई मेसीकै विश्वकपका रूपमा सम्झना गरिने छ । मेसीले क्लब, देश र व्यक्तिगत रूपमा लगभग सबै प्रमुख उपाधि जितिसक्नुभएको छ । उहाँ अहिले डिएगो म्याराडोना र पेलेसरह सर्वकालीन महान् फुटबलर हुन् कि होइनन् भन्ने बहस जारी छ । मेसीले लगातार दोस्रो पटक विश्वकप जितेमा उहाँको सो दाबी अझ बलियो हुने छ । मेसी अहिले विश्वकप आयोजक अमेरिकाकै इन्टर मियामी सिएफबाट खेलिरहनुभएको छ । यद्यपि विश्वकप सुरु हुन दुई साताअघि ३८ वर्षीय मेसी इन्टर मियामीको खेल मैदान छाड्न बाध्य हुनुभएको थियो । उहाँको मांसपेशीमा खिचाव उत्पन्न भएको थियो । त्यसैले अर्जेन्टिना र मेसीका समर्थक केही चिन्तित छन् ।

**२. क्रिस्टियानो रोनाल्डो** (पोर्चुगल)विश्व फुटबलमा लियोनेल मेसीसँगै यस पुस्ताका सर्वश्रेष्ठ खेलाडी मानिएका क्रिस्टियानो रोनाल्डोलाई विश्वकप ट्रफीले लोभ्याइरहेको छ । विश्वकपबाहेक आफ्नो सङ्ग्रहमा प्रायः सबै ट्रफी जम्मा गरिसकेका ४१ वर्षीय रोनाल्डोलाई विश्वकप जित्ने अन्तिम अवसर छ । उहाँका गौरवशाली खेल जीवनमा छुटेको एक मात्र ठुलो उपाधिको खोजीमा रोनाल्डो छैटौं पटक विश्वकप खेल्दै हुनुहुन्छ । उहाँको सङग्रहमा पाँच च्याम्पियन्स लिग उपाधि र एक युरोपियन च्याम्पियनसिप ट्रफी तथा दुई पटक नेसन्स लिग उपाधि रहेका छन् । पाँच पटक बालन डी ओर जितिसकेका रोनाल्डो सर्वाधिक अन्तर्राष्ट्रिय गोल (१४३) गर्ने खेलाडी



पनि हुनुहुन्छ । यद्यपि रोनाल्डोको उपाधि जित्ने भोक अलिकति पनि कम भएको छैन । पोर्चुगलका कप्तान रोनाल्डो अल नासर एफसीलाई साउदी लिगको उपाधि दिलाएर विश्वकपमा प्रवेश गर्दै हुनुहुन्छ ।

**३. किलियन एम्बापे** (फ्रान्स)एम्बापेलाई लामो समयदेखि मेसी र रोनाल्डोपछि विश्वकै उत्कृष्ट खेलाडी बन्ने सम्भावित उत्तराधिकारी मानिँदै आएको छ । उहाँले १९ वर्षकै उमेरमा फ्रान्सलाई विश्वकप पनि दिलाउनुभयो । पछिल्लो संस्करणको फाइनलमा एम्बापेले ह्याट्रिक गरेर पनि फ्रान्सलाई जिताउन सक्नुभएन । पछिल्लो विश्वकपमा गोल्डेन बुट जित्ने एम्बापे नै हुनुहुन्थ्यो । विश्वकप विजेता र अन्य धेरै उपाधि जितिसकेको भए पनि एम्बापेले अझै च्याम्पियन्स लिग र बालोन डी ओर हासिल गर्न सक्नुभएको छैन । त्यसैले पनि उहाँलाई यस पुस्ताका सर्वश्रेष्ठ खेलाडीमध्ये एक मान्नेमा नै प्रश्न उठ्ने गरेको छ । यसपालि फ्रान्सलाई फेरि विश्वकप दिलाउन सकेमा एम्बापे यस वर्षको बालोन डी ओर जित्ने बलियो दाबेदार बन्न सक्नुहुने छ ।

**४. इर्लिङ हालान्ड** (नर्वे)म्यान्चेस्टर सिटीका स्ट्राइकर हालान्ड आफ्नो पहिलो पटक विश्वकप फुटबल प्रतियोगिता खेल्दै हुनुहन्छ । हालान्ड अहिलेका विश्वकै उत्कृष्ट स्ट्राइकरभन्दा फरक पर्दैन । उहाँले प्रिमियर लिगमा म्यान्चेस्टर सिटीका लागि पछिल्ला चार वर्ष हरेक सत्र ३० भन्दा बढी गोल गर्नुभएको छ । हालान्डले नर्वेको जर्सीमा पनि ५५ गोल गरिसक्नुभएको छ । हालान्डलाई पनि थाहा छ, यस पटकको विश्वकपमा नर्वेको छवि उच्च पार्न सबभन्दा ठुलो जिम्मेवारी उहाँकै हुने छ । उहाँका बुवा एल्फी हालान्डले पनि नर्वेका लागि विश्वकप (सन् १९९४) खेलिसक्नुभएको छ । हालान्ड यस विश्वकपको सबैभन्दा घातक फरवार्डमध्ये एक हुनुहुन्छ ।

**५. लामिने यमाल** (स्पेन)स्पेनका किशोर




उमेरका फरवार्ड यमालले सन् २०२४ मा स्पेनलाई युरापेली च्याम्पियन बनाउन महत्वपूर्ण भूमिका खेलेर आफ्नो क्षमता देखाइसक्नुभएको छ । १८ वर्षीय यमाल अझ अनुभवी भएर विश्वकप खेल्दै हुनुहुन्छ । तीव्र गति, उत्कृष्ट ड्रिब्लिङ र सिर्जनशील खेल शैलीका कारण यमालको तुलना मेसीसँग हुने गर्दछ । भविष्यमा मेसी र रोनाल्डोले छोड्ने खाली स्थान भर्ने सबैभन्दा सम्भावित खेलाडी यमाल हुनुहुन्छ भन्दा फरक पर्दैन ।

**६. उस्मान डेम्बेले** (फ्रान्स)हालका बालोन डी ओर विजेता डेम्बेले लगातार च्याम्पियन्स लिग विजेता बनेर विश्वकप खेल्दै हुनुहुन्छ । तीन वर्षअघि पेरिस सेन्ट जर्मेनमा आबद्धपछि फ्रान्सका यी फरवार्ड गजबले विश्व फुटबलको उचाइमा पुगेका छन् । उहाँकै उपस्थितिले पनि फ्रान्सलाई उपाधिको प्रमुख दाबेदारका रूपमा लिइएको छ ।

**७. नेमार** (ब्राजिल)नेमारले आफ्नो खेल जीवनमा ब्राजिललाई धेरै खेल जिताउनुभएको छ । यद्यपि ब्राजिललाई छैटौं विश्वकप दिलाउने सपना अझै पूरा भएको छैन । ३४ वर्षीय नेमारले चौथो पटक विश्वकप खेल्न लाग्नुभएको हो । नेमार ब्राजिलका सर्वाधिक गोलकर्ता पनि हुनुहुन्छ । उहाँले ब्राजिलको जर्सीमा ७९ गोल गर्नुभएको छ । ३४ वर्षीय स्ट्राइकर नेमार फिटनेसका कारण टिममा नपर्ने हल्ला थियो तर हाल ब्राजिलको कमजोर प्रदर्शनपछि प्रशिक्षक कार्लो एन्सोलेटीले नेमारलाई विश्वकप टोलीमा समावेश गर्नुभएको हो ।

**८. मोहम्मद सलाह** (इजिप्ट)मोहम्मद सलाह इजिप्टका आदर्श फुटबलर हुनुहुन्छ। उहाँले इजिप्टका लागि ४४२ खेलमा २५७ गोल गर्नुभएको छ । च्याम्पियन्स लिग तथा दुई प्रिमियर लिग उपाधि सलाहको सङ्ग्रहमा रहेका छन् । इजिप्टका समर्थकले विश्वकपमा सलाह उत्कृष्ट प्रदर्शनको अपेक्षा गरिरहेका छन् । गत सत्र इङ्लिस प्रिमियर लिगमा गोल्डेन बुट जित्ने सलाह लयमा रहँदा रहँदै पनि इजिप्ट प्ले अफमा सेनेगलसँग टाइब्रेकरमा पराजित भएको थियो, जसमा सलाहले पेनाल्टी मिस गर्नुभएको थियो । तर यस पटक नयाँ समीकरणसहित सलाह यो विश्वकपमा आफ्नो पुरानो पीडा भुलाउने दाउमा हुनुहुन्छ ।

**९. युड बेलिङ्घम** (इङ्गल्यान्ड)युड बेलिङ्घम विश्व फुटबलका सबैभन्दा प्रतिभाशाली मिडफिल्डरमध्ये एक मानिएको छ । रियल म्याड्रिडमा आबद्ध भएपछि उहाँले पहिलो सत्रमै क्लबलाई च्याम्पियन्स लिग र ला लिगा जिताउन सहयोग गर्नुभएको थियो । यसैगरी उहाँले दुई वर्षअघि इङ्गल्यान्डलाई युरो फाइनलसम्म पुर्‍याउन पनि ठुलो भूमिका खेल्नुभएको थियो ।

**१०. क्रिस्टियन पुलिसिच** (अमेरिका) पुलिसिच अमेरिकी फुटबलका सुपरस्टार खेलाडी हुनुहुन्छ । उहाँसँग जर्मनी, इङ्गल्यान्ड र इटालीका ठुला क्लबमा खेलेको अनुभव छ । चेल्सीमा आबद्ध हुँदा पुलिसिचले च्याम्पियन्स लिग पनि जित्नुभएको थियो । पुलिसिच हाल इटालीको ठुलो क्लब एसी मिलानमा आबद्ध हुनुहुन्छ । घरेलु भूमिमा आयोजना हुन लागेकाले यस पटक अमेरिकी टोली र समर्थकहरूका लागि पुलिसिच नै मुख्य आशाका केन्द्र हुन् ।